

# भूमि अधिकार आन्दोलनमा जनमुखी शिक्षा

## चिन्तन मनन एवं अभ्यास

## तालीम कार्यक्रम

५-९ बैशाख २०६८

CSRC
आत्मनिर्भर केन्द्र

# भूमि अधिकार आन्दोलनमा जनमुखी शिक्षा

## चिन्तन मनन एवं अभ्यास

## तालीम कार्यक्रम

**परिचय :**

जीवन, जीवीका र अधिकारका लागी उपयोगी, समाजमा हुने शोषण तथा भेदभाव विरुद्ध जनतालाई संगठित गर्दै उत्पीडित समुदायको हातमुख जोड्न तथा जीवनस्तर उकास्न मद्दत गर्ने शिक्षा नै जनमुखी शिक्षा हो (*जनमुखी शिक्षाका अभ्यास, अकं १,२०६७*)। सहभागीमुलक सिकाई पद्धतिलाई आधार मान्ने यस जनमुखी शिक्षाले मानीसलाई सचेत गराउनुका साथै आलोचनात्मक बनाउँछ। जसअन्तर्गत शिक्षा भनेको औपचारिक मात्र नभई, एक सहभागीमुलक तरीकाले सिक्ने सिकाउने प्रकृया हो। निश्चीत दायरामा रहेर भन्दा, समाज, समुदाय र परिवेशबाट धेरै कुरा सिक्न सकिन्छ। तसर्थ शिक्षाले डर होइन ढुक्क सँग बाँच्न सक्ने अवसर सहित मौनताको संस्कृतीलाई तोड्न सक्ने हुनुपर्छ। शिक्षा र साक्षरताले मानीसलाई आफनो अवस्था र परिवेशको आलोचनात्मक तरीकाले लेखाजोखा गरि उत्पीडनको संरचनामा छिर्न होइन त्यसलाई फेर्न र बदल्न सिकाउने हुनुपर्छ।



यस सर्न्दभमा जनमुखी शिक्षाको विचार विश्लेषणलाईमहत्वपुर्ण आधारका रुपमा जोड्दै भूमि सिकाई केन्द्र सञ्चालनका लागि सक्षम तुल्याउने उद्देश्यले २०६८ वैशाख ५ देखी ९ सम्म सञ्चालित तालिममा सामुदायिक आत्मनिभर सेवा कन्द र सहयात्री संस्थाका २८ जना भुमिअधिकारकर्मीको सहभागिता थियो।

## पहिलो दिन – बैशाख ५, २०६८

**शुरुवात :**

भूमि भूमिअधिकार आन्दोलनको महत्वपुर्ण कडीको रुपमा रहेको भूमि सिकाई केन्द्रको काममा निखार ल्याउन तथा वर्षौदेखी तयारी परिवेश विश्लेषणको काममा प्रष्टता ल्याउन ५ दिने तालीमको आयोजना गरिएको बताउँदै श्रोत केन्द्र-४का संयोजक शुभराज चौधरीले सहभागी सबैलाइ स्वागत गर्नुभयो। यही सन्दर्भमा "सिकाएर हैन, सिक्ने वातावरण बनाएर धेरै सिक्न र सिकाउन सकिन्छ" भन्ने भनाई राख्दै सहजकर्ता जगत देउजाल सेशन अगाडि बढाउनुभयो। यसपछि विद्यालय जादाँको बिर्सन नसक्ने घटना सहित आआफ्नो परिचय गरियो सहभागीको अविस्मरणीय क्षण याद हुने, डरमा सिकाई नहुने र प्रेम सम्बन्धमा मात्र सिक्ने वातावरण पैदा हुने तथ्यहरु अगाडि आए। यसपछि सहजकर्ताले अरुको मात्र कुरा हैन आफनो पनि कुरा गर्न सुरुवात गरौ। यसपछि अरुले पनि आफनो कुरा गर्छन्। हामीले धेरै समय अरुको कुरा गरेर विताएका छौं। आफ्नो पनि कुरा गरौं। त्यस्तो अवस्थामा पुग्न आफुलाई पनि फेर्दै लगौं।

सहजकर्ताले बनी बनाउ कुरा दिने नभई सोच्न वाध्य बनाउनु पर्नेमा जोड दिनुपर्छ।। बोल्ने भन्दा सोच्ने मौका दिइनुपर्ने र बनीबनाउ कुरा पस्कनुभन्दा अभियानकर्ताले सोचेर गर्नुपर्ने हुन्छ। भूमि सिकाई केन्द्र सफल नहुनमा केन्द्र संचालनको सोच आउनु पर्ने ठाउँबाट नआएकोले पनि हुनसक्छ।

**तालिम के हो ?**

तालिम एक सामूहिक सिकाई अर्थात मानीसमा भएका अनुभव, सिकाई र ज्ञानलाई एक आपसमा लेनदेन गर्ने प्रक्रिया हो । धेरै तालिमहरु लिने र दिनेमा मात्र सिमित छन् । नपढेकाले सिकाउन सक्दैनन् भन्ने मान्यता र अभ्यास बढी छ । एक थरी हेरेको हेर्‍यै, अर्को कुरा राखेको राख्यै (सिनेमा) जस्ता पनि भएका छन् । सहभागितात्मक तरिका कमै छ । यो तालिमलाई सबैले सिक्ने र सबैले सिकाउने हिसावले सफल बनाऔं।

**यो तालिम किन आवस्यक भयो ?**

ठुलो संख्यामा भूमि सिकाई केन्द्र सञ्चालन भएपनि अधिकांश केन्द्र उद्देश्य अनुरुप सञ्चालन नभएको अवस्था छ । अनुगमन र सहयोगको जिम्मेवारी लिएकामा यस सम्बन्धि ज्ञान, सिप र धारणा प्रष्ट छैन । अभियानकर्ताहरुको पर्याप्त समय गएपनि उपलब्धी पाउन कठिन भईरहेको छ । भूमि सिकाई केन्द्र कित बन्द गर्नुपर्ने कित उपलब्धी आउनेगरी लैजान ढिला भईसकेको छ । भूमि अधिकार आन्दोलनलाई बलियो बनाउन भूमि सिकाई केन्द्र आवस्यक छ ।

- यस विषयमा यो तहमा तालिम नभएकोले पनि यो तालिम गरिएको हो । तालिमपछि भूमि सिकाई केन्द्र प्रभावकारी ढंगले सञ्चालन हुनेछन् ।
- अनुगमन प्रभावकारी हुनाको साथै अभियानकर्तालाई आवस्यक सहयोग पुग्नेछ ।
- भूमि तथा गरिव समुदायको अन्य अधिकारसँग सम्बन्धित सवालमा भूईंतहमा छलफल भई अभियानहरु उठ्नेछन् । भन्ने अपेक्षा गरिएको छ ।

**समस्याहरु**

- ठुला सवाल, कमजोर तयारी
- सहभागी कम आउने, समयमै नआउने
- अभियानकर्ता फेरिने, तालिम नपुगेको
- सिकाई सामाग्रीको प्रयोग कम
- नियमित नभएको, अनियमित
- सवालमा छलफल भएपनि टुंगोमा पुग्न नसकेको
- पाहुना सहजकर्ताको अभ्यास कम गरिएको
- सहयोग र अनुगमन कमजोर
- निर्णय भएका कुरा कार्यान्वयनमा कमी
- सहभागी घटेको
- बाहिरी कामले नियमित छलफललाई विथोलेको
- सामाग्री नपुगेको, पुगेकोमा प्रयोग नभएको, सामाग्रीको सिर्जनात्मक प्रयोग नभएको । समीक्षा गहिरो हुन नसकेको ।

यस प्रस्तुती पश्चात् तालीमका सम्बन्धमा सहजकर्ताले हामीमा नयाँ विचार आउनुपर्ने आवश्यक्ता औंल्याउँदै तालीम सिनेमा जस्तो अर्थात एउटाले भनिरहने र अर्कोले सुनीरहने हुन नहुने अर्थात सहभागीमुलक छलफल हुनुपर्नेमाजोड दिनुभयो । थोरै विषयवस्तु र गहिरो छलफलबाट प्रष्टता आउने कुरा पनि पस्काउनुभयो । साथै यो तालीममा सबै सिक्ने र सिकाउने भएको अर्थात सहजकर्ता कोही नभएको तर यो उद्देश्य पुरा गर्न आफुले पर्याप्त तयारी गरेको कुरा बताउँदै तालीम व्यवस्थापन र सिकाई समुह निर्माण गर्न उत्प्रेरीत गर्नुभयो ।

**भूमि सिकाई केन्द्रबारे सहभागीको बुझाईमा** छलफल गर्ने थलो, शक्ति थप्ने ठाउँ, स्थानीय सवालको उठान, परिवेश विस्तृतीकरण र योजनाबद्ध तरिकाले अधिकारको दावी गर्ने भन्ने थियो । यी सबै कुरा भनाईमा मात्र सिमीत छ की साँच्चै भइराखेको छ त भन्ने सन्दर्भमा विषय उठ्छ तर त्यसमा सतही छलफल हुन्छ, अहिले सामान्य बैठक जस्तो मात्र देखिएको छ ।समस्याहरु सुनाउने थलो देखिन्छ । कही कतै सवालमा छलफल भएर काम सम्म गएको देखिन्छ भन्ने विचार सहभागिबाट आएको थियो ।

**भूमि सिकाई केन्द्र के हो ?**

- आफ्नै परिवेश बारे चिन्तन, मनन र विश्लेषण गर्ने थलो

- स्थानीय सवालमा छलफल
- स्थानीय रचनात्मक कार्यमा सक्रिय सहभागिता
- लेखाईपढाई भन्दा समुदायले भोगिरहेका समस्या, समाजमा भैराखेका असमानता प्रति सचेत र त्यसको रुपान्तरणको लागि कार्य
- आन्दोलनमा सक्कली सहभागिता

भूमि सिकाई केन्द्रको विस्तृत पूनरावलोकन गरियो । विस्तृत अनुसूचीमा हेर्नुहोला । यस्तो पूनरावलोकन प्रत्येक महिना केन्द्रको तहमा गर्ने सहमती भएको छ । यसपछि सहजकर्ताले आलोचनात्मक प्रश्न सहित केन्द्र असफल हुनुको कारण प्रष्टयाँउदै थप कुरा राख्नुभयो ।

- सहभागी नियमीत आउनुपर्ने
- हप्ताहप्तामा कक्षा चल्नुपर्ने
- सहभागी निश्चित हुनु पर्ने
- कस्तो र कति ठाउँमा सञ्चालन गर्ने भन्ने विषयमा योजना बनाउनु अघि सुचक बनाएर पुर्व छलफल र समुदायको योगदान सहभागितामा छलफल गर्नुपर्ने ।

सहजकर्ताले पूनरावलोकन हेर्दा संगठन र केन्द्रबीचको छलफलमा के के फरक पाईयो ? सवाल कसले दिने होकी ? कतै भूमि सिकाई केन्द्र कार्यक्रम वा आन्दोलनबारे जानकारी आदानप्रदान गर्ने थलो त भएन् ? स्थानीय भन्दा वृहत सवालमा छलफल भयो । सवाल पछि त्यसलाई कामसँग जोड्दै टुङ्गोमा पुऱ्याउनु पर्नेमा छलफल भयो ।

## आजको अतिरिक्त सिकाई

### शब्दको प्रयोग

शब्दको जग ज्ञानमा अडेको छ । ज्ञानको संचार र अभिलेखन गर्न शब्द चाहिन्छ । हामी चित्र आफै बोल्छ भन्छौ तर चित्र बोल्न पनि शब्द चाहिन्छ । शब्दको प्रयोग बुझेर ठीक गरौं ।

### शव्दको प्रयोग

के हामीले प्रयोग गर्ने सबै शव्दको अर्थ बुझेका छौं ? अर्थ नै नबुझी हामी शव्दको प्रयोग किन गरिरहेको होला ?

### हेर्नुहोस्त

'आज तपाईलाई पनि चिनियो । खैर, केही चिन्ता छैन । हामी पनि कुनै दिन काम लागौंला । देखा जाएगा' उही कुरालाई कमजोर भाषाशैलीले निर्जीव र पट्यारलाग्दो बनाउँछ भने सशक्त भाषाशैलीले जीवन्त र मर्मस्पर्शी बनाइदिन्छ । '
शब्द प्रयोगको दक्षताले पुष्पहार पहिऱ्याउँछ, अक्षमताले हतकडी लगाइदिन्छ ।
स्पष्ट अनुभूति र गहन एकाग्रताका साथ बोलिएको शब्दमा अद्‌भुत शक्ति हुन्छ ।

## सरल नै उत्तम

सत्यको विजय हुन्छ, झुटो नबोल्नु, बेइमानी गर्न हुँदैन, सबैलाई प्रेम गर, दीनदुःखीको भलो गर, काम नै पूजा हो, समय नै सम्पत्ती हो, आफूलाई जे प्रतिकुल हुन्छ त्यो अरुलाई नगर ।

## भाषा कसरी सुधार्ने ?

सर्त एउटै छ - आफूले देखेर, बुझेर जानेर सच्याएको गल्ती फेरी नदोहोऱ्याउनु होस् ।
आफूले लेखेको कुरामा ध्यान दिन थाल्नुहोस् र शब्द तथा बाक्यगठनमा रहेका ससाना, सामान्य गल्ती-कमजोरी पहिल्याउने प्रयास गर्नुहोस् । देखियो की आफै सच्याउन सक्नु हुन्छ । एकएक गरेर त्यस्ता गल्ती हटाउँदै जानुहोस् । हतार गर्नुपर्ने कुनै काम छैन, सुस्तरी अघिबढे हुन्छ । ससाना गल्तीमा ध्यान दिन र छिनबाट छुटकारा पाउन थालेपछि ठुला गल्ती, कमजोरी स्वतः देखिन थाल्छन् ।
साझँ सिकाई प्रक्रिया बारे २ पेजको सिकाई सामाग्री र सिकाई कमुह अनुसारअध्ययन र चिन्तन मननको लागी १/१ पुस्तक दिदै केही जिम्मेवारी सहित औपचारीक रुपमा पहिलो दिनको सेशन समापन गरियो ।

## दोश्रो दिन – बैशाख ६, २०६८

पहिलो दिनको प्रतिवेदन प्रस्तुतीपछि सहभागीलाई महसुस भएको विषयमा सामुहिक छलफल भयो । आफु र आफनै कामलाई पनि फर्केर हेनुपर्छ । यसले ज्ञान, अनुभव बदाउन मद्दत पुरयाउँछ । पहिलो दिनको छलफलबाट महसुस भएका विषयहरु समूहगत रुपमा प्रस्तुती भयो ।

**सिकाइ समुह १**

- मानीसले औपचारिक शिक्षा भन्दा भुगोल, समाज र संकृतिबाट बढीसिकिरहेको हुन्छ । विभिन्न ठाउँ,समाज,संस्कृति बुझ्न तालीम, पढाई, लेखाइ पनि महत्वपुर्ण छ ।

**सिकाइ समुह २**

- सिकाई औपचारिक शिक्षा मात्र होइन, यो अभ्यासबाट प्राप्त हुन्छ ।
- अभ्यास नभए सम्म सिकाई मानिदैन, सुन्ने कुरा सुचनाको ज्ञान मात्र हो ।
- सिकाई परिवेश र इच्छामा निर्भर हुन्छ ।
- मानीस सिकेर पुर्ण हुन सक्दैन, अभ्यास र सम्बन्धबाट सिक्दै जान्छ ।

**सिकाइ समुह ३**

- सिक्नका लागी एकाग्रता चाहिन्छ ।
- हामी जे काम गरी रहेका हुन्छौ, त्यो सँग सम्बन्धीत सिप छ कि छैन भन्ने सम्झिनु पर्छ ।
- दैनिक कामको अनुभव सिकाईलाइ अभिलेखन गर्नुपर्छ,यसले जीवनमा परिवर्तन ल्याउन सहज हुन्छ ।
- सिकाईको मुख्य थलो समाज हो । समाजबाटनै हामी धेरै सिकिरहेका हुन्छौ ।
- तालीम गोष्ठी भन्दा व्यवहारबाट सिकेको कुरा दीगो हुन्छ ।

**सिकाइ समुह ४**

- सुचना थाहा पाउनु सिकाई होइन, हाम्रो जीवनमा परिवर्तन ल्याउनु सिकाई हो । परिवर्तन धारणा, काम, व्यवहारबाट देखिन्छ ।
- हामी परिवार समाजबाट धेरै सिकिरहेका छौं तर महत्व दिइरहेका छैनौ । पढाइलेखाइ वा विद्यालयबाट थोरै सिकिरहेका हुन्छौ र त्यसलाई नै बदी महत्व दिन्छौ । जसमा बढी समयका साथै लगानी पनि बढी छ।
- सिकाईका श्रोत विभिन्न हुन सक्छन् ।ठाउँ, समाज र कल्पनाबाट सिकाई बढछ ।

### परिवेश विश्लेषण

परिवेश विश्लेषण शब्द विशेषत समुदायका मानीसलाई सरल तरिकाले बुझाउन शब्दको मर्म नमर्ने गरी गाउँको अवस्था, गाउँ चित्र तथा समुदाय चित्र भन्न सकिने वारे छलफल भयो । यसलाई भूमि परिवेश पुस्तिका नभई गाउँ पुस्तिका भनेर बुझिनुपर्छ । परिवेश विशलेषण भनेको सुचना संकलन गर्ने कुरा बुझ्नु हुदैन, हामीले सुचना लिन खोजेको होइन , सुचना जम्मा र विश्लेषण गरेर समुदायलाई बुझाउन खोजेको हो । सुचना लिने दिने कुरा अभियानकर्ताको विश्वासमा भर पर्छ । तसर्थ परिवेश विश्लेषणको महत्व कसरी बुझाउने भन्ने चिन्तन हुनुपर्छ ।



**परिवेश विश्लेषण के के को गर्ने ?**

- **समुदाय** : उद्देश्यसँग जोडेर समुदायको परिवेश विश्लेषण गरिनुपर्छ । हामी भूमि सम्बन्धी काम गर्छौ तसर्थ यस विषयमा अध्ययन गरिनुपर्छ ।

- **समुदाय बाहिर :** जग्गा सम्बन्धी समस्या कम भएको, अन्याय, शोषण कम भएका, समुदायको परिवेश बताउनुपर्छ । यसले समुदायलाई तुलना गरेर हेर्ने मौका दिन्छ ।

- **नीति :** समुदायमा रहेका समस्याका विषयमा भएका नीतिका बारे अध्ययन गरिनुपर्छ र जानकारी दिनुपर्छ । समुदायले नीतिमा भएको कुरा लागु हुनु पर्ने सवाल बनाउँछन्, नीति नै गलत भए फेर्ने सवाल बन्छ भने नीति नबनेको खण्डमा बनाउनु पर्ने सवाल बन्छ ।

**परिवेश विश्लेषणले समुदायको मानीसलाई उत्साहित बनायो कि बनाएन ?सम्बन्धीत विषयमा समुदायको राम्रो विश्लेषण हुनुपर्‍यो ।निराशा होइन उत्साहित बनाउने विषय चाहियो । परिवेष विश्लेषण गर्न जादाँ समुदायका मान्छेले यस्ता कुरा गर्ने त धेरै आए भन्ने गर्छन् र सबैलाई समस्या पोखेर दिक्क भइसकेका बताउँछन् । यधपी संगठन तथा भूमि सिकाई केन्द्र दुबैमा यस्ता कुरा आउनु भएन ।समुदायमा आफनो गाउँको बारे आफुलाईृ जानकारी हुनुपर्छ । यसले फाइदा पनि हुन्छ भन्ने मानछेहरु पनि छन् । यही प्रसंगमा परिवेश पुस्तिका बाट कति जिल्लामा कति मान्छे छन् भन्ने कुरा पनि थाहा हुने सवल पक्षका बारे छलफल भयो ।**

**परिवेश विश्लेषण**

- आफ्नो स्थिती थाहा पाउनु भनेको निराशा, पीडा र हीनताको सामना गर्नु हो ।
- आफ्नो स्थिती नबुझि के गर्ने भन्ने थाहा हुदैंन ।
- पीडितलाई आशा, उत्साह र आत्मविश्वास धेरै चाहिएको छ।
- पीडा, निराशा र अन्यायका कारणहरु हुँड्ल्ने र त्यसको समाधानको विकल्प खोज्ने गर्नुपर्दछ।

**परिवेश विश्लेषण किन ?**

- सहि सूचना प्राप्त गर्न ।
- समुदायको सोच्ने, विचार गर्ने क्षमता बढाउन
- सूचना विश्लेषणमा समुदायको सहभागीता बढाउन ।
- अभियान दिगो र परिणाममुखि बनाउन ।
- कामबाट आएको उपलब्धी मापन गर्ने आधार तयार गर्न

**परिवेश विश्लेषण कसरी ?**

- समुदायको समयानुकुल हुने गरी गर्ने ।
- उद्देश्य तयार गर्ने र सोहि अनुसारको विधिहरुको छनौट गर्ने ।
- फारम तयार पार्दा उद्देश्य प्राप्त हुने प्रश्नावलीहरु तयार भयो भएन भन्ने कुरामा ख्याल गर्ने ।‸
- विधिहरुको प्रयोगलाई सरल र रमणीय बनाउने ।
- प्राप्त सूचनाहरुको पारदर्शिता र प्रमाणिकरण गर्ने ।
- सूचनाको विश्लेषण गर्ने । जस्तो :
    - आफ्नो समुदायमा कति घर छन् ?
    - आफ्नो वडाको क्षेत्रफल कति छ ?
    - एउटा गरिव परिवारको दैनिक आम्दानी कति छ ? खर्च कति छ ?
    - १२ महिना खान पुग्ने परिवार कति छन् ? कसलाई कति महिना खान पुग्छ ?
    - गरिव परिवारले आफ्नो खाना कसरी जुटाउने गरेको छ ?
    - गाउँ ⁄समुदायमा कसले कसलाई के कस्तो शोषण, अन्याय गर्ने गरेका छन् ?
    - जग्गा हुने र नहुने बिचमा के कस्तो फरक छ ?
    - भूमिअधिकारबाट बञ्चित महिलाहरु, पुरुषहरु, दिनमा कति घण्टा काम गर्छन् ?
    - गाउँमा के कस्ता काम पाईन्छन् ?
    - को सँग के कस्तो सिप छ ? र त्यसको प्रयोग कसरी भईरहेको छ ?
    - वर्ग, लिङ्ग, जातका आधारमा कसरी शोषित भएका छन् ? को, कसरी, कहाँ, कोबाट शोषित भएका छन् ?
    - हालको ज्याला दर कति छ ? विगत ५ वर्षको ज्याला र खाद्यान्न तथा अन्य उपभोग्य वस्तुको मुल्य वृद्दिदर के कस्तो छ ?

- को, कहाँ, कहिले काम गर्छन ? काम पाउने र नपाउने सिजन, अनिकालको समय ? के कसरी गुजारा गर्छन्
- भूमीसम्बन्धी के कस्ता समस्याहरु छन् ? यि समस्यालाई के कसरी समाधान गर्ने सोचाई बनाईएको छ वा विकल्प के के छन् ?

**हामीले बुझेको कुरा समुदायले स्वीकार गर्छन् ? परिवर्तनको चित्र देखाउन सके समुदायमा आशा जगाउन सकिन्छ ।**

**समुदायले परिवेश विश्लेषणको लाभ लिन सकेका छैनन् ।**

**परिवेश विश्लेषणलाई समुदायको कामसँग जोडिनुपर्छ ।**

**सहभागीमुलक ग्रामिण लेखाजोखा** Participatory Rural Appraisal (PRA)

सहभागीमुलक ग्रामिण लेखाजोखा अर्थात (पि.आर. ए) सिद्घान्त होइन । विधी रप्रकृया हो । परिवेश विश्लेषणका लागि सहभागीमूलक विधी महत्वपूर्ण हुन्छ । पि.आर. ए को सुरुवात सन् १९८० को दशक अर्थात ३० बर्ष अघि भारत र केन्यामा बिकास योजना बनाउने प्रकृयासँग अभ्यास गरिएको थियो । यो परिवर्तनको महत्वपुर्ण विधी वा तरीका हो । यसले आफु र आफनो समुदायको परिवेश विशलेषण गर्ने क्षमता बढाउनुका साथै वास्तविकता भन्ने मौका पनि दिन्छ ।

**सहभागीमूलक ग्रामिण लेखाजोखा**

- यो एउटा समाज परिवर्तनको महत्वपूर्ण विधी वा तरिका हो ।
- यसले समुदायका सदस्यलाई आफ्ना वास्तविकता भन्ने मौका दिन्छ ।
- आफु र आफ्नो परिवेश विश्लेषण गर्ने क्षमता बढाउँछ ।
- जसबाट कामलाग्ने ज्ञान निस्कन्छ ।
- योजना बनाउन र काममा उत्प्रेरित गर्दछ ।
- अनुगमन तथा मुल्याकंनमा सघाउँछ

**विचार गर्नुपर्ने कुरा**

- लचिलोपना (फरमेटमा हैन, विवेक लगाउने)
- कठिन शव्दको प्रयोग नगर्ने
- स्थानीय भाषा
- स्थानीय सामाग्री
- जिम्मेवारी हस्तान्तरण Hands over the stick
- सरल प्रस्तुती, तडकभडक नगर्ने
- मनले सुन्ने
- कम बोलेका र मौन रहेकालाई वोल्न र सक्रिय हुन उत्प्रेरित गर्ने ।

**भूमि सिकाई केन्द्रमा सहभागीमूलक विधी तथा औजार किन ?**

- समुदाय परिवर्तनको लागि सचेत र योजनावद्द प्रयास हुनुपर्दछ ।
- सहभागीमूलक विधी तथा औजारले विश्लेषणलाई सिलसिलेवार र व्यवस्थित गर्न मद्दत गर्दछ ।
- सहभागीमूलक विधी तथा औजारहरु सवाल पहिचान, विश्लेषण, योजना निर्माण र कार्यान्वयनसम्म प्रयोग गर्नुपर्दछ ।
- प्रत्येक सहभागीलाई अनुभव, धारणा राख्ने अवशर दिन्छ ।
- दृश्यात्मक प्रक्रियाले जटिल कारण फुकाउँछ ।
- छलफललाई अभिलेखन र प्रशारण गर्न सजिलो हुन्छ ।
- आफ्नै वास्तविकतामा छलफल गर्न, योजना बनाउन र कार्यान्वयन गर्न सजिलो हुन्छ । यसले सहभागीलाई सशक्त बनाउँछ ।
- सूचना दिएर मात्र हुदैंन । विश्लेषण नभई महशुसीकरण हुदैंन ।
- दृश्यात्मक र सहभागीमूलक अवस्थामा मात्र सवैले योगदान गर्न सक्छन् ।

- विश्लेषण गर्दा बढाईचढाई हुनबाट रोकिन्छ ।
- समुदाय परिवर्तनको लागि सचेत र योजनावद्द प्रयास हुनुपर्दछ ।
  यसपछि विभिन्न समूहमा विधीहरुको अभ्यास गरी प्रस्तुती गरियो ।

| औजार | तयारीको जिम्मेवारी |
|---|---|
| सामाजिक नक्शा | श्रोत केन्द्र -१ |
| श्रोत नक्शा | श्रोत संस्था -७ |
| मौसमी पात्रो | श्रोत संस्था -३ |
| रुख विश्लेषण | श्रोत केन्द्र -५ |
| आम्दानी र खर्च विश्लेषण | श्रोत संस्था -२ |
| शक्ति चित्र | श्रोत संस्था -८ |
| वर्ग विश्लेषण | श्रोत केन्द्र -६ |
| निर्भरता विश्लेषण | सा.आ.से.के र राष्ट्रिय भूमि अधिकार मञ्च (समुह ९) |
| ज्याला विश्लेषण | श्रोत केन्द्र -६ |
| गतीशील नक्शा | श्रोत केन्द्र -४ |
| सरोकारवाला विश्लेषण | श्रोत संस्था -२ |
| भु-उपयोग नक्शाङ्कन | जगत देउजा |
| समय रेखा | |

**सामाजिक नक्शा**

कुनैपनि समुदायको बस्ती तथा मानव निर्मित संरचना चित्रित हुनेगरि तयार गरिएको नक्शालाई सामाजिक नक्शा भनिन्छ । यसमा घर, विद्यालय, मन्दिर, पाटिपौवा, धारा, कुवा, इनार, वाटो चौतारी जस्ता मानव निर्मित भौतिक संरचनालाई समावेश गरिन्छ । नक्शा निर्माण भए पछि के किन र कसरी जस्तो छलफल गरिन्छ । आफ्ना दैनिक जिवनमा प्रत्यक्ष असर पारीरहेका बिषयवस्तुहरु चित्रमा उतार्दा सहभागीहरु छलफलमा सजिलैसँग भाग लिन्छन् । ती कुरामा उनिहरुको तर्क-वितर्क हुन्छ त्यसको ऐतिहासिक विकासक्रमको वारेमा जानकारी हुन्छ । यसले अवसर तथा संभावनाहरुको खोजी गर्न वातावरण सिर्जना गर्न पनि सहयोग गर्दछ ।

**उद्देश्य :** समाज निर्मित संरचना (अवस्था) को चित्रण गर्ने । र त्यससँग सम्बन्धित विविध सवालको विश्लेषण र तुलना गर्ने ।

**तयारी पक्ष :**

- सामाजिक नक्सा बनाउने उद्देश्य, प्रक्रिया र त्यसका माध्यमले बिश्लेषण गर्ने ज्ञान हुनुपर्ने ।
- सामाजिक नक्सा बनाउन चाहिने सामग्री के हुन र ति मध्ये के आफैले तयार गरी लैजाने, के समुदायबाटै संकलन गर्ने भन्ने जानकारी हुनुपर्छ ।
- सामाजिक नक्सा बनाइने समुदायको भाषा, चाल-चलनको विषयमा सामान्य जानकारी हुनुपर्छ ।




**प्रक्रिया**

- सहभागीलाई नक्शा वनाउनुको कारण, वनाउँदा प्रयोग गरिने संकेत र संकेत प्रयोग गर्दा पर्ने सजिलो वताउने र छलफल गरि सहमति गर्ने ।
- नक्शामा उतार्न खोजिएको टोलको क्षेत्रलाई मध्यनजर राखी कति ठाउँको आवश्यकता पर्दछ सोहि अनुसारको स्थानको अनुमान गर्ने र सोहि अनुसारको ठाउँ भुई अथवा कागज के मा वनाउने हो त्यसलाई सबैको विचमा राखी वनाउन सुरु गर्ने ।
- नक्शा वनाउन सुरु गर्दा आफु जहाँ वसेको छ त्यहाँबाट  सुरु गर्दा वढि सजिलो हुने गरेको छ ।

- नक्शामा समावेश गराउने बिषयको वारेमा छलफल गरि कुन कुन विषयलाई समावेश गराउने हो प्रष्ट पार्ने जस्तै : घरधुरी, हुलाक, पाटिपौवा, वाटोघाटो, विद्यालय, स्वास्थ्य, चौकी, धारा, कुवा, वन खानी, संस्था आदी ।
- नक्शा भुईमा वा कागजमा जहाँ तयार गरिएको छ त्याहाँनै पुन एक पटक प्रत्येक वस्तुलाई इंगित गरि समावेश हुनु पर्ने कुराहरु समावेश भएका छन् वा छैनन् जुन संरचना जहाँ समावेश गर्नु पर्ने हो सो अनुसार भएको छ छैन हेर्ने ।
- भुईमा नक्शा वनाएको छ भने लेख्न जान्ने एक सहभागीसँग त्यो नक्शा कागजमा उतार्न अनुरोध गर्ने सामान्यतया ५०, ६० घरको टोल वडालाई एउटा नक्सामा उल्लेख गर्ने ।
- नक्शामा उल्लेख भए अनुसार संकेतहरु उल्लेख गर्ने ।
- नक्शामा भएको घर धुरी/ घर नं र घरमुलीको नाम टिपोट गर्ने ।

**सहयोगीलाई सुझाव**

- नक्शा तयार गर्दा सबैलाई कसको घर कहाँ पर्छ पालैपालो सोध्ने र हौसला जगाउने ।
- घर कहाँ पर्छ, धारा कहाँ पर्छ वा अन्य कुराहरु कहाँ कहाँ पर्छ भनि सुचना मात्र संकलन नगरी त्यसको उपभोग गर्ने व्यक्ति त्यसमा आफ्नो पहुँच वा त्यसो हुनाका कारणहरुको वारेमा थप प्रश्न गर्दै विश्लेषणमा जोडदिने ।
- नक्शा वनाउँदा संकेतहरु यताउता सार्न नमिल्ने संकेतहरुको प्रयोग नगरि सार्न मिल्ने ढुङ्गा, पात, गेडागुडी आदिको प्रयोग गर्ने ।
- छलफल अन्तरक्रिया भई कार्यन्वयनमा जान सहमति भएका सवाललाई कार्ययोजना वनाउँदा सबैको जिम्मेवारी बाँडफाँड गर्नुपर्दछ अन्यथा सहयोगीको मात्र जिम्मेवारीमा आउने खतरा हुन सक्दछ ।
- नक्शालाई सबैले देख्ने गरि खुला ठाउँमा टाँसेर राख्ने उनिहरुले त्यसलाई हेर्न र आवश्यक कुराहरु थप्न सकुन् । चित्र हेरी वताउन सकुन् ट्याङ्कामा थन्क्याउने हो भने नक्शा नबनाउँदा हुन्छ ।
- सवाल अनुसार छुट्टाछुट्टै नक्शा निर्माण गर्दा जति प्रष्ट, राम्रो हुन्छ, धेरैवटा सवाललाई एउटै नक्शामा देखाउँदा राम्रो र प्रष्ट वुभ्mीने हँदैन । जस्तैः उन्नतविउ प्रयोग गर्ने घरधुरी , चर्पि प्रयोग गर्ने घरधुरी आदि छुट्याउनु पर्दा छुट्टछुट्टै नक्शा वनाई विश्लेषण गर्नु पर्ने हुन्छ । जसले गर्दा प्रष्टसँग देख्न सकिने हुन्छ ।
- संकेतको प्रयोग गरेपछि एउटै नक्शावाट पनि धेरै सवालमा सहज रुपले छलफल चलाउन सकिन्छ
- नक्सा बनाउँदा उपयोग गरिएका संकेतहरु जोगाउनु पर्दछ ।
- टिपोट गर्दा र घर नं. तथा घरमुलीको नाम उल्लेख गर्न भुल्नु हुँदैन ।
- सामाजिक वस्तु र स्रोतहरुको संकेत स्पष्ट बुझिने गरी उल्लेख गर्ने ।

**विश्लेषणका लागि प्रश्न**

- नक्सामा के देख्नु भयो ?
- नक्सामा आज जे देख्नु भयो, यो कुरा पहिला सबैलाई राम्ररी थाहा थियो ?
- नक्सामा देखिएको ठूलो घर कसको हो ? कहिले बनाएको ?
- सब भन्दा सानो घर कसको हो ? किन ठूलो नबनाएको ?
- ठूलो घर भएको मान्छेको घर यहाँ मात्र हो कि अरु ठाउँमा पनि छ ?
- यो गाउँमा सरकारी कार्यालय, सामाजिक संस्थाहरु कति रहेछन् ?
- ति सरकारी कार्यालय र संस्थाबाट हामीले के पाएका छौ ? तिनिहरुले हाम्रा लागि के गर्नुपर्ने हो भन्ने हामीले बुझेका छौ ?
- यहि समुदायमा समस्या भोगीरहेका मान्छे पनि छन् , सेवा दिने निकाय पनि छन् , हाम्रा समस्या किन समाधान हुन सकेनन् होला ?
- हाम्रा समस्या समाधान कसरी सकिने देखियो त ?
- त्यसो भए एक वर्ष भित्र के गर्नेत ?

**सम्भावित काम :**

- गरिवलाई पनि कसरी धनी बनाउन सकिन्छ भन्ने विषयमा गाउँका मान्छेलाई बुझाउने । यसका लागि हप्ताको एक पटक छलफल गर्ने
- गाउँमा भएका पानीका मूल सफा गर्ने, बाटो बनाउने ।

- आफ्नो घर अगाडि भएको जग्गामा खेती अनिवार्य गर्ने ।
- गाविसमा गई यसले दिने सेवा सुविधा बारे बुझ्ने ।
- निशुल्क शिक्षाका लागि विद्यालयमा छलफल गर्ने ।

**आवश्यक सामग्रीहरु :**

- माटो, कमेरो, काठको टुक्रा, ढुंगा, खरानी, पात, फलफूल, न्यूजप्रिन्ट, मार्कर, सिसाकलम, कापी ।

**सामाजिक नक्शाबाट लिन सकिने आवश्यक सूचना :**

जनसंख्या (महिला/पुरुष), जातीगत विवरण, भूमिहीन परिवार, बास स्थानको अवस्था, जीवन निर्वाह पद्धती, बर्गिय अवस्था, पशुधन, शैक्षिक अवस्था, स्वास्थ्य, सञ्चार, पेशा, सीपयुक्त जनशक्ती, सरकारी तथा गैर सरकारी संस्था, घर जग्गाको स्वामित्व, ताल, पोखरी नदीनाला

## सम्पन्नता स्तरीकरण

स्थानिय समुदायले के सूचकलाई आधार बनाउँछन् । भन्ने कुरा पहिल्याउने । यसका आधारमा सामाजिक नक्शामा भएका घरधुरीलाई कार्डका माध्यमबाट विभिन्न तहमा बाँड्ने । यसबाट समुदायकै सहभागितामा अधिकारबाट बञ्चित वर्गको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्न सहज हुन्छ ।

**प्रक्रिया :**

उत्तरदाताको छनौट (गाउँको बारेमा जानकारी राख्ने मानिस)

मेटाकार्डमा घर नं र घर मुलीको नाम सामाजिक नक्सामा उल्लेख भए अनुसार उल्लेख गर्ने । पहिलो वा सम्पन्न घर मुली र घर नं को कार्ड दाहिने तिर राख्ने र विपन्न देव्रेतिर राख्ने र साद्दै जाँदा जुन कार्ड संग मिल्छ राख्दै जाने नमिल्नेलाई अर्को तहमा राख्ने । पूनः छलफल गर्ने र सूचकका आधारमा परिमार्जन गर्न आवश्यक भए गर्ने ।

## मौषमी पात्रो

मौसम अनुसारको काम, रोगव्याधी, वालीनाली, खाद्यान्न पर्याप्ताको स्थिती आदि हेर्ने विधीलाई नै मौसमी पात्रो भनिन्छ ।




**उद्देश्य**

- भूमिअधिकारबाट बञ्चित, मोही तथा किसानलाई परिचालन गर्न सकिने फूर्सदिलो महिना र कामको चटारो हुने महिना पहिचान गर्नु ।
- ऋण र खाना नपुग्ने महिनाको पहिचान गरी खाद्य व्यवस्थापनमा सहयोग पुर्‍याउनु ।

**प्रकृया**

- मौसमी पात्रोको महत्व र प्रक्रियाबारे छलफल गर्ने ।
- मौसम अनुसार गरिने काम वा दुख पाउने अवस्थाका बारेमा पालैपालो छलफल गर्ने ।
- मुख्य-मुख्य कृयाकलापको सूची तयार पार्ने ।
- मौसम अनुसार गरिने कृयाकलापको कोठामा संकेत गर्ने ।
- तयार पारिएको पात्रोको ठीक भए नभएको पक्का गर्ने र कापीमा उतार गर्ने ।

**प्रश्नहरु**

- फुर्सदिलो समयमा के गर्नुहुन्छ ?
- खान नपुग्ने महिनामा अन्न कसरी जुटाउनु हुन्छ ?
- के-के कामको लागि ऋण लिनुहुन्छ ?
- के ऋणको ब्याज दिनु पर्छ ?
- ऋण कसरी फर्काउनु हुन्छ ?

- मजदुरी गरेको ज्याला कति पाइन्छ ?
- महिलाहरुले बराबर ज्याला पाउछन् ?
- किन बराबर ज्याला पाउदैनन् ?
- बराबर ज्याला पाउनलाई के गर्न सकिन्छ ?

मौसमी विश्लेषणमा बसाई सराई, जीवन निर्वाहका स्रोत, चाडवाड, रितिरिवाज, मुख्य रोग र कारणहरु खाना, पानी अभाव हुने महिनाहरु, ज्यालामा काम गर्न पाईने र नपाईने महिनाहरु हेर्न सकिनेछ ।

**जोडा स्तरीकरण**

| डाले घाँस | बडहर | खस्रे | खन्यु | काप्रो | भोर्ला | गेडुलो | पाती |
|---|---|---|---|---|---|---|---|
| बडहर | × | बडहर | बडहर | बडहर | बडहर | बडहर | बडहर |
| खस्रे | × | × | खन्यु | काप्रो | खस्रे | गेडुलो | पाती |
| बडहर | | | × | काप्रो | भोर्ला | गेडुलो | पाती |
| काभ्रो | | | | × | काप्रो | काप्रो | काप्रो |
| भोर्ला | | | | | × | भोर्ला | भोर्ला |
| गेडुलो | | | | | | × | गेडुलो |
| पाती | | | | | | | × |
| | ७ | २ | २ | ६ | ४ | ४ | ३ |

**गुणस्तरीय सूचकहरुको स्तरीकरण**

| **सूचक** | **खस्रे** | **खन्यु** | **निमारो** | **बडहर** | **भटमासे** |
|---|---|---|---|---|---|
| दुधिलो | १ | २ | ३ | ४ | ५ |
| धेरै पाइने | २ | ३ | ४ | ५ | १ |
| बाह्रै महिना पाउने | २ | ४ | ३ | १ | ५ |
| पोसिलो | १ | ३ | २ | ४ | ५ |
| | ६ | १२ | १२ | १५ | १५ |

**स्रोत नक्शा**



प्राकृतिक रुपमा पाइने स्रोतहरु झल्कने गरी कुनै पनि बस्तीका मानिसहरुले तयार गरेको नक्सालाई स्रोत नक्सा भनिन्छ । यो नक्सामा खोला-नाला, पोखरी, ताल, झरना, खोल्सा, चौर, बन-जंगल (रुख, जडिबुटी), खानीहरु जस्ता प्राकृतिक वस्तुहरुलाई देखाउन सकिन्छ ।

सामाजिक नक्शामा जस्तै यो नक्शा वनाउँदा पनि लक्षित क्षेत्र र समुदायका प्रत्येक व्यक्ति (युवा-युवती, केटाकेटी र बुढाबुढी) को सहभागिता हुनुपर्दछ । जसलाई जुन कुराको बारेमा थाहा छ त्यसले त्यही कुरालाई उचित स्थानमा राख्दै जान्छ । त्यसरी राख्ने समयमा कुन कुन स्रोत कुन कुन ठाँउमा पाइन्छ ? के के को लागि प्रयोग गरिन्छ ? त्यसले आर्थिक, वातावरणिय र स्वास्थ्यको हिसावले के कस्तो फाईदा पुऱ्याउछ, यस्को उपयोग क-कस्ले गरिरहेका छन् ? संरक्षणको लागि क-कस्ले काम गरिरहेका छन् ? संरक्षण भएको छ वा छैन आदिका बारेमा अन्तरक्रिया हुने गर्दछ । यसले त्यस प्रतिको सचेतना बढाउँछ । प्रयोगको बारेमा जानकारी हुन्छ । संरक्षण प्रति सचेत बनाउछ । स्रोतबाट प्राप्त हुने आर्थिक लाभ तथा पहुँचमा समानता ल्याउनलाई सहयोग पुऱ्याउँछ । स्रोतहरुको प्रयोग प्रतिको अधिकार प्रति सचेत गराउँछ ।

## वृक्ष विश्लेषण

मानिसहरुले वोट विरुवाहरु रोप्छन् । मलजल हाल्छन् अनि फल प्राप्त गर्छन् । यही प्राकृतिक प्रक्रियाको आधारमा समुदाय, संस्था, निकाय र समूहरुको समस्या (छुवाछुत, गरीवी, निरक्षता रोग, भोक, शोक, कुप्रथा र कुसंस्कृति) का कारण र असरहरु केलाउन, कार्यक्रमको लगानी र प्रतिफल विश्लेषण गर्ने दृश्यात्मक अभ्यासलाई वृक्ष विश्लेषण विधि भनिन्छ ।

### औचित्य

- कारण-असर, लगानी-प्रतिफललाइ रुखका जरा, हाँगा- विगा र फलका रुपमा मात्रा समेत देखिने गरि प्रस्तुत गर्न सकिन्छ ।
- मुख्य सवाल वा समस्याहरुको जराहरुमध्ये प्रमुख जरा वा कारणहरु र जराको जरा र फलको दिउल पनि पत्ता लगाउन सकिन्छ ।
- कारण-असर केलाउदा एउटा कारणको एउटा असर छुट्टिने गरी रुख चित्रको प्रयोगबाट प्रष्ट देखाउन सकिन्छ ।
- कुनै पनि प्रतिफल प्राप्तिको बेलामा सृजना हुने अवरोधहरुलाई पनि वृक्ष चित्रबाट देखाउन सकिन्छ
- कार्यक्रम अनुसारको लगानी र प्रतिफललाई तुलनात्मक रुपमा हेर्न सकिन्छ
- यो विश्लेषणमा सहभागीहरुले विषय सम्वन्धित हेराई, वुझाइ र अनुभूतिलाई आलोचनात्मक रुपमा आफ्नो र समुदायको समीक्षा गर्न सकिन्छ ।

### प्रक्रिया

- यो विश्लेषणको उद्देश्य र महत्वबारे बताउने ।
- यो अभ्यासको लागि भूईमा रातो माटो, कमेरो, चक वा अन्य यस्तै केहीले रुखको चित्र बनाउने ।
- रुखमा जराको भाग, काँडा र हाँगाहरु बनाउने । यसरी बनाउँदा रुखको जरा र हाँगाहरु सानो र ठूलो खुवै खालको बनाउने ।
- छलफलबाट सवालहरु निकाल्ने र यसका असर र कारणहरु पत्ता लगाउने ।
- असरलाई हाँगामा र कारणलाई जरामा सहभागीहरुलाई पालैपालो राख्न लगाउने ।
- यसरी राख्दा एउटा जरामा एउटा कारण र ठूलो जरामा ठूलो कारण र सानो जरामा साना कारण राख्ने ।
- जरा र हाँगामा सकेसम्म शब्द नलेखी संकेत राख्ने । जस्तो काठको टुक्रा, रुखका जराको प्रयोग गर्ने ।
- सवालको कारण सोध्दा एक जना सहभागीले भन्नासाथ नलेखी सबैसंग सोध्दै पुष्ट्याई भएपछि मात्र संकेत गर्ने ।
- यो अभ्यास गर्दा बेलाबेलामा कारण बताइरहने ।

## समस्या वृक्ष चित्र

समुदायमा बिभिन्न सवाल वा समस्याहरु हुन्छन् । यस्ता विभिन्न समस्याहरुको छुट्टा-छुट्टै कारण र असर केलाउन सकिन्छ । त्यस्तैगरी सवाल वा समस्याहरुको स्तरीकरण गरेपछि छनौट भएका समस्याहरु मध्ये सबैभन्दा प्रमुख समस्याको जरा वा कारणहरु पत्ता लगाउन पनि यो विधिको प्रयोग गरिन्छ । साथै सामाजिक नक्साबाट सहभागीमूलक ढंगले सामूहिक अन्तरकृया गरी विभिन्न समस्या वा सवाल र सम्भावनाहरुको अवस्थालाई हेरिन्छ । जस्तै निराक्षरताको सवालमा वृक्ष विश्लेषण गर्दा हाम्रो देशमा पुरुषले भन्दा महिलाले साक्षर हुने मौका कम पाउनु वा नपाउनुका कारणहरु के हुन्?,धनी भन्दा गरीव वर्गका मानिसहरु थुप्रै निराक्षर छन् कारण के हो ?, वाहुन क्षेत्रीका तुलनामा अन्य जातीका मानिसहरु थुप्रै निरक्षर हुने कारण के के होलान ? र शहरमा भन्दा गाउँमा वढी निरक्षर हुनुका कारणहरु के के हुन ? जस्ता प्रश्न गरेर गहिराई र फराकिलो रुपमा विश्लेषण गर्न सकिन्छ ।

## लगानी -प्रतिफल बृक्ष

कुनैपनि संस्था/निकाय र समूहहरुले सञ्चालन गरेको कार्यक्रमलाई सहभागीमूलक अनुगमन/मूल्याकन गर्न यो विधि प्रयोग हुदै आएको छ । यसमा विशेष गरी कार्यक्रमको लगानी कति रहेको छ ? र त्यसबाट के के उपलव्धि भयो त भनेर कार्यन्वयनकर्ताहरुको स्वयंको सकीयतामा कार्यक्रम अनुसारको लगानी र उपलव्धिलाई वृक्ष चित्रको माध्यमद्वारा हेर्ने गरिन्छ ।

### आम्दानी खर्चको वृक्ष

व्यक्ति, परिवार,समुह र समुदायको आम्दानी खर्चलाई पनि  वृक्ष चित्रको अभ्यास गरेर ऐना झै र्छलङ्ग देखाउन सकिन्छ । जस्तै तरकारी खेती समूहले कति जमीनमा के कस्तो तरकारी लगाए? के के कति कति भारी तरकारी फलाए , त्यसको विक्रीगर्दा कति आम्दानी हुन्छ ? तरकारीको परिमाण अनुसार वृक्षको हाँगामा  आम्दानी हेर्ने गरिन्छ । वृक्षको जरामा आम्दानी अनुसारको खर्चलाई हेर्ने गरिन्छ जस्तै उत्पादनको कति प्रतिशत खानाको लागि खर्च गरिन्छ ? मललाई कति खर्च हुन्छ ?, विउ विजन कतिमा खर्च हुन्छ ?, खनजोत गर्न  ज्याला कति लाग्छ ? आदी खर्चहरु फलमा झुण्डाएर आम्दानी र खर्च हेर्न सकिन्छ । यो अभ्यासमा आम्दानी अनुसार खर्च वढी भयो की कम भयो ? केमा वढी खर्च भयो ?  किन आम्दानी भन्दा खर्च वढी हुन गयो ? आदी कुराहरुमा तुलनात्मक रुपमा विश्लेषण गरि आम्दानी र खर्चको स्थिति सवै समुहका सदस्यहरुले हेर्न  र देख्न सक्छन् । समूहका सदस्यहरुको आ -आफ्नो  आम्दानी र खर्च दाजेर आ-आफ्नो आम्दानी खर्चको अवस्था थाहा पाउन सकिन्छ । यो विधिको प्रयोगबाट अङ्क साक्षरता नभएका सहभागीलाई आम्दानी खर्चको हिसावको अभ्यास समेत गर्न सकिन्छ । आम्दानी कम हुनेले कसरी आम्दानी वढाउने र खर्च वढी हुनेले कसरी खर्च कम गर्ने सम्वन्धमा पनि एक आपसमा सिक्न र सिकाउन सकिन्छ । साथै एक आपसमा भएका तकारी लगाउने सीप ज्ञान र अनुभवहरु पनि आदान प्रदान गर्न गरिन्छ ।

### प्रयोग प्रकृया

परिवेश विश्लेषण गर्दा सबभन्दा पहिला परिकल्पना योजना विश्लेषण गर्ने कि, समस्याहरुको विश्लेषण गर्ने भन्ने विषयमा छनौट गर्ने । त्यसपछि जो संग यो वृक्ष विश्लेषण गर्ने हो उनीहरुसंग सजिलै उपलब्ध हुने वा सधै देखिइरहने बोट बिरुवा जस्तै सुन्तला, नास्पाती, मेवा वा पिप्पलको बोट  छनौट गर्न लगाउने । निश्चित बिरुवा छनौट गरी सकिसकेपछि भुइमा चक वा कमेरोले  अथवा कागज वा मान्द्रोमा उक्त वृक्षको काण्ड कोर्न लगाउने । चित्र अनुसार फलहरुको बनावट तयार पार्न लगाउने । समस्या वृक्षमा भए समस्याको कारणहरु जरामा लेख्न लगाउने ।  समस्याको असरको रुपमा फलमा लेख्न लगाउने । कारण र असर केलाउदा एउटा कारणको एउटा असर छुट्टिने गरी चित्र देखाउने । त्यसबाट चित्र आफै प्रष्ट हुन्छ ।

### सहजकर्तालाई सुझाव

- कुनै विषयमा विश्लेषण गर्ने सर्वप्रथम सहभागी र सहजकर्ताको समझदारीमा विषय छनौट गर्नु पर्ने हुन्छ ।
- वृक्षको छनोट गर्दा दैनिक जीवनमा सान्दर्भिक र आफ्नो बगैंचा वा खेतबारीमा भएको बोट विरुवालाई प्राथमिकता दिनु पर्ने हुन्छ ।
- वृक्ष चित्र बनाउदा वा कोर्दा एकै चोटी नबनाई चरणबद्ध रुपमा -काण्ड, जरा, हाँगा गरी बनाउदै जाने ।
- कार्यक्रमको लगानी र प्रतिफलको विश्लेषण गर्दा जराको पनि जरा (सहायक जरा)को आधारमा खण्ड-खण्ड गरेर व्याख्या गर्न नभुल्ने ।
- छलफल र विश्लेषण गर्दा सहभागीहरुलाई सरल रुपमा खुला प्रश्नहरु गर्ने तर बन्द प्रश्न चाँही नगर्ने ।
- वृक्ष चित्र बनाउदा / बनाउन लगाउदा स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने । जस्तै : वृक्ष बनाउन पराल, छेस्काहरु, कोइला बा कमेरो जस्ता स्थानीय सामग्रीहरुलाई प्रयोगमा ल्याउने ।
- चित्र बनाउदा दृष्यात्मक हुने गरी बनाउने । जस्तैः कागज प्रयोग गर्दा कागजकै हाँगा, जरा फल र काण्डको आकारमा खण्ड-खण्ड गरेर काटेर पूर्णरुपको वृक्ष बनाउने । यो बढी वास्तविकाताको नजीक हुन्छ र सजीव देखिन्छ ।

### खेतिपाती नक्शा

सहभागीहरुको खेत, वारी, पाखो, कहाँ कहाँ पर्दछ, कस्ता कस्ता जमिन कस-कसको नाममा छ, त्याहाँ के के खेति गरिन्छ भनि देखाउने नक्शालाई खेतिपाति नक्शा भनिन्छ । यो नक्शा पनि अरु नक्शा वनाए जस्तै गरि वनाउन सकिन्छ । ति जमिनहरुको उपयोग कस-कसले गरि रहेको छ । काम गर्नेको नाममा कति जमिन छ  कि छैन ? किन खेति गर्नेको नाममा जमिन नभएको होला ? कहिले देखी यस्तो हुन थालेको होला ? ति जमिनमा के के को खेति गरि रहेको किन ? कहिँ सधै भरी खेतिपाती हुने र गर्ने गरिन्छ र किन कहिँ बाँझो नै रहेको हुन्छ किन यस्तो भई रहेको छ जस्ता प्रश्न राखी अन्तरक्रिया र विश्लेषण गर्न गरिन्छ ।

यसरी गरिएको छलफल तथा विश्लेषणले ऐतिहाँसिक रुपमा आफुहरुसँग भएको जमिन अर्काको नाममा कसरी गयो ? जमिनमा जमिनको उत्पादकत्वमा भई रहेको ह्रासको कारण के हो ? आदि विषयमा गहन छलफल भई जमिन माथिको अधिकारको खोजी समेत गरिएका उदाहरणहरु छन् ।

## घटना अध्ययन विधि (घटना अध्ययनलाई दराजमा नथन्काऔं)

मानिसहरुले धेरै प्रकारका राम्रा र नराम्रा कामहरु गरि रहेका छन् । ती कामको अध्ययन गरि आफ्नो जस्तो परिस्थितिलाई अर्को व्यक्तिले कसरी सामना गरिरहेको छ भनेर सिक्न सक्छ । त्यही कामको अनुभव प्राप्त गर्न अर्को व्यक्ति वा समूहले समय खर्च गर्नु पर्दैन ।

घटना अध्ययनबाट एक व्यक्ति वा समाजका घटनालाई अर्को व्यक्ति वा समाजमा प्रस्तुत गर्दा आफ्नो जीवन र परिस्थितिलाई देखाउन मद्दत पुऱ्याउँछ अन्य ठाउँमा आफ्नै परिस्थितिमा घटेका घटनाहरुको छलफलले सहभागीमा प्रतिक्रिया व्यक्त गर्न वा अभिव्यक्ती गर्ने अवसर मिल्दछ । ती घटनाहरुले सहभागीमुलक प्रक्रियामा सहयोग पुऱ्याउँदछ । घटना विश्लेषणात्मक वा लामा पनि हुन सक्छन् । यहाँ छोटो तालिममा छलफलका लागि छोटा घटनाहरु प्रयोग गरिएका छन् । यसै पुस्तकको खण्ड दुईमा प्रस्तुत सामग्री पनि एक प्रकारका घटना अध्ययनहरु नै हुन् ।

## औचित्य र महत्व

अभिव्यक्त गर्ने अवसर सिर्जना गर्ने हुनाले सहभागीबीच आधिकारिक संवाद प्रक्रिया थालनी गर्न सघाउँछ ।

उस्तै परिस्थितिबाट सफलता प्राप्त भएको रहेछ भने काम गर्ने जोस थप्छ, सृजनात्मक गराउँछ । विचारहरु, सिद्धान्त कसरी प्रयोग भएका रहेछन्, भन्ने देखाउँछ ।

## प्रक्रिया

- सहभागीहरुलाई एक समूहमा ३ देखी ५ जना रहने गरी समूह विभाजन गर्ने (सबै सहभागी हुने र छलफल गर्न पाउने अन्य कुनै तरिका पनि अपनाउन सकिन्छ ।)
- सहजकर्ताले सहभागीसँग छलफल गरिने विषयसँग सान्दर्भिक घटना पढ्न दिने ।
- घटनाका पात्रहरु कोको रहेछन्, त्यहाँ तपाईलाई कसको भूमिका कस्तो लाग्यो जस्ता वर्णनात्मक प्रश्नहरु राखी त्यस घटनाबारे पर्याप्त प्रश्नहरु राखी त्यस घटनाबारे पर्याप्त जानकारी बनाउने ।
- घटनाका सवाललाई आफ्नो परिवेशसँग दाँज्ने र उद्देश्यतिर डोऱ्याउन पहिला सामान्य र पछि विशिष्ट प्रश्न गर्ने ।

## सहयोगीलाई सुझाव

- कुन र कस्ता तालिमका लागि कस्ता प्रकारको घटनाको आवश्यकता पर्ने हो छनौट गर्ने, लेखेर नै तयार गर्ने ।
- तालिममा सहभागी हुने सहभागीहरुको जीवनमा नमिल्दा घटनाहरुलाई सकेसम्म छलफलमा नल्याउने ।
- सकेसम्म वास्तविकतामा आधारित घटनाहरुलाई प्रस्तुत गर्ने । काल्पनिक घटनाहरु पनि हुन सक्छन् । तर त्यसलाई अवस्था हेरेर मात्र प्रयोगमा ल्याउने ।
- घटना लेखिएको भाषा सहभागीले बुझ्ने हुनुपर्छ नत्र अनर्थ पनि लाग्न सक्छ ।
- समय छ भने सहभागीहरुलाई पनि त्यस्तै किसिमका घटना प्रस्तुत गर्न आमन्त्रण गर्न सकिन्छ ।
- प्रस्तुत घटनाबाट के परिणाम महसुस गराउन चाहेको हो, सहयोगी प्रष्ट हुनुपर्छ ।

## वालीनाली पात्रो

किसानहरुले धान, गहुँ, मकै, कोदोको खेती गर्ने समय, नगदेवालीको खेती गर्ने समय, बेमौसमी तरकारी र अन्य खेती गर्ने समय, त्यसको बिउ राख्ने, खेतबारी बनाउने समय देखाउने तालिका नै खेतीपातीको पात्रो हो । यसबाट यी काममा लाग्ने जनशक्ति बालीमा लाग्ने रोगव्याधिहरु र त्यसको उपचार प्रक्रिया, पशुपन्छी पालनको तरिका, गोठको व्यवस्थापन रोग पहिचानको तरिका, औषधी प्रयोगको तरिका र औषधिको पहिचान जस्ता कुरालाई छलफलमा ल्याउन सकिन्छ । पात्रो निर्माण संगसंगै कुनै खेतीका फाइदा बेफाईदा र उपायहरुका बारेमा समेत छलफल तथा अन्तर्क्रिया हुने गर्दछ । यसो भएकाले उन्नत खेती प्रविधिमा समेत यसले सहयोग पुऱ्याउँछ ।

**प्रक्रिया**

- पात्रो बनाउनुको कारण, प्रयोग गरिने सङ्केत र यो प्रयोग गर्दा पर्ने सजिलो बारे सहमती बनाउने । यदि चित्र कोर्ने मान्छे छ भने जुन विषय उल्लेख गरिएको छ त्यसैको चित्र बनाउन लगाउने (जस्तो : तरकारीको बारेमा उल्लेख गर्न खाजिएको छ भने तरकारीहरुको नै चित्र बनाउने) ।
- पात्रो भुइँमा वा कागजमा जहाँ तयार गरिएको छ त्यहाँ नै पुनः एक पटक प्रत्येक समय र सवाललाई इङ्गित गरी जाँच गर्ने । समावेश हुनु पर्ने कुरा समावेश भएका छन् छैनन्, जुन सवालअनुसारको समय जहाँ उल्लेख गर्नुपर्ने हो सोअनुसार भएको छछैनन्, हेर्ने ।
- ऋतुअनुसार उठेका सवालहरु माथि अन्तर्क्रिया गर्ने जस्तै- ऋण लिनुपर्ने समय, तरकारी नपाउने समय बजारलाई उपलब्ध गराउन सकिने र बजारमा उपयुक्त मूल्य लिन सकिने, खाद्यन्नको अभाव हुने समय, काम नपाउने समय आदि कुराहरुमा व्यवस्थापन कसरी गर्न सकिन्छ, विकल्पहरु के के हुन सक्छन् जस्ता प्रश्नहरु सहजकर्ताले गरी छलफल विश्लेषण गर्न सकिन्छ ।
- भुइँमा पात्रो बनाएको छ भने कागजमा उतार्न लगाउने ।

**सहयोगीलाई सुझाव**

- पात्रोलाई पात्रोको रुपमा मात्र प्रयोग नगरी त्यसलाई त्यस्तो अवस्था सिर्जनाको कारण कारण, त्यसले निम्त्याएका समस्या र विकल्पको खोजीका लागि बढी ध्यान दिई छलफल गर्नुपर्ने हुन्छ । अन्यथा यो विधि, विधिको रुपमा मात्र प्रयोग हुनेछ ।
- यसलाई प्रयोग गर्दा अवस्था र चाहनाअनुसार एउटा सवालको अन्तर्सवाल र फरकफरक सवालमा पनि विश्लेषण गर्न सकिन्छ जस्तै-धानखेती एउटा सवाल र बीउ राख्नु, खेत बनाउनु, बीउ रोप्नु, धान गोड्नु आदि अन्तर सवाल हुन् भने धानखेती, तरकारीखेती, फुर्सदको समय, व्यस्त समय भनेको अर्न्तसवाल हुन् ।
- सूचना सङ्कलन मात्र गर्नुको कुनै अर्थ छैन त्यसलाई विश्लेषण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । ती सवाल र समयले सहभागीहरुको हित गरिरहेको छ, यदि हित गरिरहेको छैन भने उसका लागि वैकल्पिक कामहरु के हुन सक्तछ र उनीहरुको फूर्सदको समयमा के काम हुन सक्तछ । ऋण लिनुपर्ने समय कुन हो र किन ऋण गरिरहेका छन् । उनीहरुलाई ऋण गर्नु पर्ने अवस्था नै किन पऱ्यो ? ऋण लिन नगर्ने हुनका लागि के गर्नुपर्दछ ? जस्ता कुराहरुको छलफल गर्नुपर्ने हुन्छ । यसो भएमा उनहीहरुले सहयोग प्राप्त गरेको महसुस गर्नेछन् ।

**निर्भरता बिश्लेषण**

आर्थिक, सामाजिक, भौतिक आधारमा एकअर्का बीचको अन्तरसम्बन्ध केलाउने र को कोसँग कसरी निर्भर छ भन्ने कुराको विश्लेषण निर्भरता विश्लेषणमा गरिन्छ ।

**प्रकृया**

- निर्भरता विश्लेषणको लागि समुदायका सबै वर्ग र तहका सहभागीहरु जम्मा हुनुपर्दछ । यसका लागि अलि बढि समय लाग्ने भएकाले सोही अनुसार खवर गर्नुपर्दछ ।
- स्थानिय भाषा र चित्रहरुको प्रयोग गरी छलफल चलाई विभिन्न वर्गका लाई एक आपसमा को कोसँग कसरी निर्भर रहेछ भन्ने कुराको विश्लेषण गर्न लगाउनुपर्दछ ।

| | धनी किसान | मध्यम किसान | साना किसान | गरिव | अति गरिव भूमिहीन |
|---|---|---|---|---|---|
| **धनी किसान** | विवाह, नाता, कुटुम्ब, लेनदेन | रकम, अन्य काममा सहयोग | जग्गा बटैया ठेक्का | ऋण | ऋण, श्रम |
| **मध्यम किसान** | काममा सहयोग आर्थिक लेनदेन | नाता, आर्थिक सहयोग लेनदेन समान व्यवहार | ऋण | भनेको काम गर्ने ऋण | ऋण, श्रम |
| **साना किसान** | जग्गा ठेक्का वटैयाक | ऋण, मल, गोरु, बिजन | पैइचो, सरसापट, नाता कुटुम्ब | ज्याला , काममा सहयोग | ज्यालामा काम गर्ने |
| **गरिव** | ऋण भनेको काम गरिदिनुपर्ने | श्रम | पैइचो, सरसापट | सम्बन्ध, नाता , सरसापट | काममा सहयोग |
| **अति गरिव भूमिहीन** | ऋण | ऋण | श्रम | नाता सम्बन्ध | नाता सम्बन्ध, विवाह, कुटुम्ब काम सहयोग |

**छलफलका बिषय**

- तपाईको गाँउका बासिन्दाबीच के कस्तो सम्बन्ध छ ?
- तपाईको गाउँमा धनी किसान र भूमिहीन किसानको सम्बन्ध कस्तो छ ?
- महिला र पुरुषको काम र ज्यालामा के अन्तर छ ?
- गाउँमा गरिव किसानले धनी किसानलाई के के कुरामा सहयोग पुऱ्याएको छ ?
- धनी किसानले गरिव किसानलाई गर्ने व्यवहार कस्तो छ ?

**निर्भरता विश्लेषणबाट उही उही वर्गमा समान प्रकृतीको निर्भरता देखिन्छ । श्रममा धनीहरु, श्रोत र साधनमा गरिवहरुको निर्भरता बढि छ । विषयगत हिसाबले धनिहरु ज्यादा र गरिबहरु कम परनिर्भर छन् । गरिवहरु धनी बिना पनि जीवन निर्वाह गर्न सक्ने तर गरिवहरु नभए धनीको काम नचल्ने अवस्था देखिन्छ । काम गर्ने गरिव, मिठो र बसी खाने धनी भन्ने झल्किन्छ । झट्ट हेर्दा गरिवहरुलाई ऋण दिएर सहयोग गरेको देखेपनि धनीहरुको व्यवसाय पो रहेछ ।**



**गतिशिल नक्सा**

उद्देश्य : समुदायका मानिसहरुको सम्बन्ध कहाँ कहाँ सम्म छ भनेर महसुसीकरण गराउन र विकल्पको खोजी गर्ने ।

**तयारी पक्ष**

- गतिशिल नक्सा तयार गर्न विधि र उद्देश्यबारे आफू प्रष्ट हुने
- चाहिने सामाग्रीहरुको जोहो गर्ने । जस्तै स्टेश्नरी, मार्कर, साइनपेन, सिसा कलम, स्थानिय सामाग्री, खरानी, चक आदि



**प्रकृया**

- गतिशिल नक्सा बनाउनुको उद्देश्य, महत्व र विधि बताउने ।
- गतिशिल नक्सा बनाउनको लागि ठाँउ छनौट गर्ने ।
- खरानी, चकल गोलो घेरा बनाएर गाउँको नाम लेख्ने र कुन कुन विषयको गतिशिल नक्सा भनेर किटान गर्ने ।
- न्यूजप्रिन्ट पेपरमा, भूइमा बनाएको नक्सा उतार्ने ।

**प्रश्नहरु**

- नक्सामा के देखियो ?
- महिलाहरु के कामको लागि कहाँ कहाँ जान्छन् ?
- महिलाहरु के कामको लागि महिला र पुरुष मध्ये को बढी गर्छ ?
- त्यसो भए घरको सम्पत्तिका बढी हक कसको छ ?
- किन घरको सम्पत्तिमा पुरुषको हक बढी भएको होला ?
- घरको सम्पत्तिमा पुरुष सरह महिलाको पनि हक लाग्नु पर्ने हैन र ?
- घरको पुर्ख्यौली छोरछोरीहरुको बराबर हक लाग्छ भन्ने कुरा कानूनमा छ । यस बारे थाहा पाउनु भएको छ ?
- कानूनमा पुर्ख्यौली सम्पत्तिमा छोराछोरी दुवैको हक लाग्ने व्यवस्था भए पनि किन लागु नभएको होला
- कानूनमा भएको व्यवस्था लागु गर्न के गर्नु पर्ला ?
- त्यसो भए अब के गर्ने होला त ?




**वर्ग बिश्लेषण**

कुनै समुदायको आर्थिक हैसियत थाहा पाउन वर्ग विश्लेषणले सहयोग पुऱ्याउँछ ।

**प्रकृया**

- वर्ग विश्लेषणको उद्देश्य बारे जानकारी गराउने ।
- मेटाकार्डमा घरमुलीको नाम लेखेर छुट्याउने ।
- विवादित विषयमा तेश्रो पक्षलाई निर्णय गर्न दिने ।

**प्रश्नहरु**

- यती काम सकेपछि तपाईहरुलाई कस्तो लाग्यो ?
- कुनकुन वर्गमा को को पर्नुभयो र कति कति पर्नुभयो ।
- अति गरिवहरुको परिवार कसरी चलिरहेको छ ?
- विकासका कामहरु अहिले यहाँ भएका छन् की छैनन् होला ? भए त्यसको फाइदा कसले बढी लिएका होलान् ?
- काम कहाँ गर्नुपर्छ होला ? कसका लागि गर्नुपर्छ होला ?
- जातिय रुपमा हेरौ न कस्तो रहेछ ?
- अब के गर्नुपर्छ होला जस्तो लाग्छ ?
- कामका लागि हाम्रो हितमा कसरी प्रयोग गर्न सकिएला ?

## विधि शक्ति नक्सांकन

**उद्देश्य**

समुदायमा को शक्तिशाली छ ? को कम्जोर छ भन्ने आङ्कलन गर्ने ।

- समुदायमा उठेका सवालको पक्षमा र विपक्षमा के कति र क-कसको शक्ति छ थाहा पाउन ।
- गरिव तथा असंगठितहरुलाइृ संगठित हुन उत्प्रेरित गर्न ।

**तयारी पक्ष**

- सहजकर्ता स्वयं शक्ति नक्साङ्कनको उद्देश्य र प्रकृया बारे प्रष्ट हुने ।
- आवश्यक सामग्रीहरुको बन्दोवस्त गर्ने ।
- समाजका अगुवा, शिक्षक, संघ-संसथाका व्यक्ति आदिलाई समेत सहभागी गराउने ।

**प्रकृया**

- शक्ति नक्सांकनको उद्देश्य, महत्व, विधि र प्रकृया बारे सहजकर्ताले बताउने ।
- सवाल स्तरीकरणबाट छानिएको सवालका कर्ताहरुको (सूची बनाउने) कार्डमा राख्ने । नामलाई लेखेर (यो ५ देखि ७ सम्म कर्ता हुँदा राम्रो हुन्छ ।
- शक्ति समुह वा कर्ताहरुलाई पनि संकेत सामाग्री तयार पारस स्थानिय सामाग्रीको प्रयोग गर्ने । (जस्तै राजनितिक पार्टी-झण्डा-पुलिस प्रहरी-डण्डा, जमिनदार-चस्मा/टोपी आदि स्थानिय समुदायले बुझ्ने सामग्रीहरु)
- सबै भन्दा ठूलो शक्ति देखि सानो शक्तिलाई समेत संकेत गर्न जतिवटा पक्ष छन् त्यति वटा फरक-फरक घेरा भएको ठूलो देखि सानो सम्म घेरा भएका भाँडाहरु तयार पार्ने ।
- बढी शक्तिशाली कर्ताको कार्ड वा संकेतलाई सबैभन्दा ठूलो घेरा भएको भाडोमा र त्यसरी नै अन्य संकेतलाई पनि सानो-सानोमा राख्दै सबैभन्दा सानो घेरा भएकोमा राख्ने ।
- कर्ताहरु बिचको आपसी सम्बन्धको आधारमा नजिक सम्बन्ध भएकोलाई नजिक र टाढो सम्बन्ध भएकोलाई टाढा राख्ने ।
- कर्ताहरु बिच एकोहोरो सम्बन्ध देखाउन एउटा र दोहोरो सम्बन्ध देखाउन दुईवटा सिन्काको प्रयोग गर्ने ।
- ठिक भए नभएको जाँच गरी त्यसलाई ठूलो कागजमा उतार्ने ।

**छलफलका प्रश्नहरु :**




- तपाईलाई यो गरेको काम कस्तो लाग्यो ? को शक्तिशाली र को कमजोर रहेछ भन्ने देखियो ?
- शक्तिशाली किन शक्तिशाली भए ? कम्जोर किन कम्जोर भएको ?
- राजनितिक दल र प्रशासन किन नजिक भएका होलान ?
- हामी र दलबिच किन नजिकको सम्बन्ध नभएको होला ?
- प्रशासनसंग किन हाम्रो नजिकको सम्बन्ध नभएको होला ?
- राजनितिक दल र प्रशासन कसरी शक्तिशाली भएका होलान् ?
- हामी शक्तिशाली हुन के गर्ने होला ?
- हामीसंग सहकार्य गर्न वा हाम्रो समस्यामा साथ दिन क-कसले सक्ने रहेछन् ?
- अब हामीले को-को संग सम्बन्ध बढाउने ?

**साझँ सिकाई सामाग्री र सिकाई समुह अनुसार अध्ययन र चिन्तन मननको लागी “शिक्षामा काम गर्ने कार्यकर्तालाई पाउलो फ्रेरेको पत्र”नामक सामाग्री अध्ययन दिदै केही जिम्मेवारी सहित औपचारीक रुपमा दोश्रो दिनको सेशन समापन गरियो ।**

## तेश्रो दिन – बैशाख ७, २०६८

जनमुखी शिक्षा चिन्तन मनन एवं अभ्यास को तेश्रो दिन विहान ८ बजे बैशाख ७ गतेको प्रतिवेदन प्रस्तुती सहित सुरु भयो । उक्त दिनको कार्यक्रम जनमुखी शिक्षाको परिचयात्मक सन्दर्भमा केन्द्रित थियो ।

**सुरुवातमा *"शिक्षामा काम गर्ने कार्यकर्तालाई पाउलो फ्रेरेको पत्र"* अध्ययन सामाग्रीबाट सबै सहभागीले समुहगत रुपमा सिकाई प्रस्तुत गर्नुभयो ।**

- अहिलेको शिक्षा पद्धतीले कुनै निश्चित दायरा भित्र भन्दा पनि सिक्ने सिकाउने प्रकृया । समाज, समुदाय, परिवेश बाट धेरै कुरा सिक्न सकिन्छ । शिक्षाले डर होइन ढुक्क सँग बाँच्न सक्ने अवसर दिनुपर्छ ।
- ज्ञानलाई समुदायसम्म लैजाने माध्यमहरु महत्वपुर्ण छन् र ति माध्यमहरुको सही छनौट गरि उपयोगमा ल्याउनुपर्छ ।
- शिक्षाले मुख थुन्ने हैन, आफनो समुदाय र परिवेश बाट सिकेर व्यवस्था र सासन टिकाउनेका विरुद्ध आफना कुरा राख्न सक्ने बनाउनुपर्दछ ।
- सहजकर्ताको काम समस्या विकाल्ने मात्र हैन, समुदायबाटनै निकास निकाल्न उत्प्रेरित गर्ने काम महत्वपुर्ण हो ।
- समाजमा भएका गलत चालचलन र संस्कृतीलाई फेरवदल गर्न सिकाउने शिक्षा नै आवस्यक हुन्छ ।
- जनतालाई संगठित गर्ने अधिकारका लागी लाग्ने काम राजनैतिक काम हो र अहिले हामीले गरेको काम पनि राजनीतीक  काम हो ।
- सिक्ने र सिकाउने काम दोहोरो हुन्छ भनिन्छ तर सिकाउने मानीस सिक्ने तयारीका साथ गएका छैनौ । यसमा हाम्रो अभ्यास पुगेको छैन ।
- अध्ययन भनेको औपचारिक शिक्षा मात्र होइन, पढे लेखेकाले मात्र सबै कुरा जान्दछन् भन्ने हैन, समुदायसँग पनि ज्ञान र सिपहरु हुन्छन ।
- सामाजीक रुपान्तरण अभियानको तिव्रता सँगै सामाजिक रुपानतरणका लागी ऐतिहासीक व्यक्तित्वहरुको योग्दान खोतल्न जरुरी छ ।

**चिन्तनमनन्**

Not to Die in Life!! *( जिन्दगी देखी हरेष नखाउ )*

***आफै सँग आफैले संघर्ष नगरेसम्म अगाडि जान सकिदैन । कुनै नराम्रो काम गरेमा आफैले कारवाहीगर्ने र राम्रो काम गर्दा धन्यवाद दिने कामको थालनी आफै बाट सुरु नगरेसम्म प्रगती गर्न सकिदैंन ।***



**जनमुखी शिक्षा**

**जनमुखी शिक्षा र साक्षरताः**

- साक्षर : सामान्य लेखपढ गर्न जान्ने
- निरक्षर : लेखपढ गर्न नजान्ने
- कुसाक्षर : साक्षरताको दुरुपयोग गर्ने अर्थात लेखपढ गर्न जान्ने तर बेठीक कियाकलाप गर्ने

**अत**

- लेखपढ गर्न जान्ने मान्छे पनि अशिक्षित हुन सक्छन् भने निरक्षर मान्छे पनि शिक्षीत हुन सक्छन् ।
- साक्षर भयो भने शिक्षीत हुन सजिलो हुन्छ ।
- लेखपढ गर्न नजान्ने पनि हामी विभिन्न विषयमा शिक्षीत छौं ।

**जनमुखी शिक्षा भनेको के हो ?**

- जिवन उपयोगी
- व्यक्ति मात्र केन्द्रित नभएर सामाजिक
- न्यायमुखी
- जिवीकासँग सम्बन्धित
- सहभागितामूलक विधि (विषयवस्तु र प्रक्रिया सिक्नेले छनौट गर्ने, अरुले कोच्ने हैन)

**जनमुखी शिक्षाले व्यक्तिलाइ सचेत, ज्ञानी, सक्षम, सशक्त, स्वतन्त्र, शिपवान बनाउनुपर्दछ । घमण्डी, सतही गफ गर्ने, रिसालु, ढँटुवा, बोल्ने तर नगर्ने हैन । जनमुखि शिक्षाले मानिसलाई भक्त बनाउने पनि होइन , नकारात्मक बनाउने पनि होईन आलोचनात्मक बनाउनु पर्छ ।**

**जनमुखी शिक्षा अवधारणा**

- सबै शिक्षा जनमुखी हुदैंन ।
- शिक्षा तटस्थ हुदैन । पक्षपाती हुन्छ ।
- सामाजिक संरचना मानव निर्मित हो । यो फेर्न वा बदल्न सकिन्छ ।
- प्रत्येक व्यक्तिसँग ज्ञान हुन्छ तर ती ज्ञानहरु फरक फरक हुन सक्दछ ।

**शिक्षाबारे थप कुरा**

- मानिसको आचरण र व्यवहार व्यक्तिले प्राप्त गरेको शिक्षामा निर्भर गर्दछ ।
- कुनै पनि व्यक्ति असल, खराब, राम्रो नराम्रो वानी उसले प्राप्त गरेको शिक्षाले निर्धारण गर्दछ ।
- सिक्ने भनेको जिवनमा परिवर्तन ल्याउनु हो ।
- विद्यालय शिक्षा सिकाईको एउटा सानो अंश हो । प्राचिन कालमा विद्यालयहरु थिएन तर त्यहाँ शिक्षा आवश्यक थियो र हुन्थ्यो ।
- शिक्षा जिवनलाई डोर्‍याउने एउटा शक्ति हो ।

**पाउलो फ्रेरेको विचार** (सन् १९२१–१९९७)

- मान्छेले समाज र प्रकृतिसँग मात्र हैन, आफैंसँग पनि संघर्ष गरिरहेको हुन्छ । हरेक सहभागीमा सिक्ने क्षमता हुन्छ । सिक्नका लागि सहभागि हुन पाउनु उसको अधिकार हो ।
- शिक्षाले व्यक्तिलाई बन्धनमा राख्ने हैन । मुक्त गराउँदै जानुपर्छ । यसका लागि प्रक्रिया सहभागिमूलक हुनुपर्दछ ।
- सुचना र ज्ञान थोपर्ने होइन, विश्लेषण र खोजी गर्न सिकाउने । यस्तो वातावरण बनाउनुपर्छ, जहाँ विश्लेषण र संश्लेषण गर्ने सजिलो हुन्छ।
- परम्पराको दास बन्ने होइन, न्यायमुखी परम्परा थाल्न सिकाउने
- उत्पीडनको संरचनामा छिर्न होइन, त्यसलाई बुझ्न र फेर्न सिकाउने
- अन्याय अन्धकार निरास होइन, आँट भर्ने आशा जगाउने
- साक्षर बन्ने प्रकृयासंगसंगै सचेत सवल, संगठित बन्ने
- साक्षर बन्ने र बनाउने मात्र होइन, धनीलाई साक्षर, गरिवलाई निरक्षर, पुरुषलाई साक्षर महिलालाई निरक्षर, बाहुनलाई साक्षर दलितलाई निरक्षर बनाउने सामाजिक संस्कार, शक्ति संवन्ध बुझ्न र फेर्न पनि सिकाउने ।

**रिफ्लेक्ट**

- रिफ्लेक्ट प्रौढहरुको लागि विकसीत सहभागीमूलक सिकाई पद्दती हो ।
- यसको विकास १९९० तिर अर्थात २१ वर्षअघि भएको हो ।
- यो आफ्नै आवस्यकता र परिवेश अनुसारको उद्देश्यमा सञ्चालित हुन्छ । एउटै हुदैंन ।
- समुदायका मानीसहरु आफ्नै जिन्दगीका विभिन्न आयाम वारे नक्शा, चित्र, डायग्राम, आदि तयार पार्दछन । यस्ता साधारण चित्र बनाईन्छकी, जुन काम निराक्षरले पनि बनाउन र बुझ्न सकुन् ।
- शव्दमा चित्र जोडिएपछि यो आफैं बोल्छ र महशसीकरण पक्ष बलियो बनाउँछ ।

- छलफल पछि समस्या समाधानका लागि योजना बनाईन्छ । कार्य गरिन्छ । साक्षर छन भने आफैं माग पत्रहरु लेख्छन ।
- स्थानीय भाषा, सामाग्रीको अधिकतम् प्रयोग हुन्छ। आफैं किताब तयार पारिन्छ ।
- अति गरिव समुदायको आफ्नै विश्लेषण, आफ्नै समाधान
- परम्परागत शक्ति सम्बन्धलाई यसले विस्तार फेर्दै लग्छ ।
- गरिव र अधिकारबाट बञ्चितलाई आफ्नो अवस्थावारे विश्लेषण गर्ने र फेर्ने प्रशस्त मौका दिन्छ ।
- रिफ्लेक्ट केन्द्रबाट ठुला ठुला अभियान भएका छन ।
- धेरै छलफल पछि आफ्नो समुदायको विकास योजना पनि तयार पार्न सकिन्छ ।
- रिफ्लेक्ट एउटा राजनीतिक प्रक्रिया हो । यसले समुदायका मानीसको अधिकार प्राप्तिको अभियानमा सघाउँछ
- अन्यायलाई चुनौती दिन्छ ।
- समुदायमा गरिवको स्थान र हैसियतमा परिवर्तन ल्याउन सघाउँछ ।
- हरेकको स्वरको उत्तिकै महत्व दिईन्छ। सबैको आवाज बराबर सुनिन्छ । यसले गरिवको स्वरलाई बलियो बनाउँछ ।
- नियमित र व्यवस्थित प्रक्रियाः गरेको गर्‍यै गरिन्छ । यो राजनीतिक तथा सामाजिक परिवर्तनको काम हो ।
- जनताको भईरहेको ज्ञान र अनुभवमा आधारित हुन्छ । त्यसलाई आदर गरिन्छ । प्रक्रियामा समुदायकै नियन्त्रण हुन्छ ।
- नयाँ सूचनामा आलोचनात्मक हुन्छन ।

**रिफ्लेक्टका ढाँचाहरु**

| अधिकारमुखी रिफ्लेक्ट | सुधारमुखी रिफ्लेक्ट |
|---|---|
| साक्षरतामुखी रिफ्लेक्ट | रिफलेक्टको नाममा कलंक |

**रिफ्लेक्ट के हो ?**

**रिफ्लेक्ट एक अग्रेजि शब्द हो । जसको पुर्ण रुप यस्तो हुन्छ :(**

Re = Regenerated (पुनर्सिजित)
F = Freirian (फेरियन)
L = Literacy (साक्षरता)
E = Empowering (शशतिकरण)
C = Community (सामुदायिक)
T = Techniques (विधिहरु )

**Regenerated Freirian Literacy** *through* **Empowering Community Techniques.**

**भूमि सिकाई केन्द्र**

- सहभागीको आफ्नै अवस्थावारे बोल्न आफ्नो जिन्दगी लेख्न र आएको परिवर्तन गन्न प्रोत्साहीत
- दान वा सेवाको लागी विन्ती गर्ने हैन, आफ्नो अधिकारका लागि संघर्ष गर्न सक्षम बनाउने
- केन्द्र नै लोकतन्त्रको जगको रुपमा, जहाँ सबैको स्वर बराबर
- कम्तिमा साप्ताहीक भेटघाट, अलि लामो समय, कम्तिमा २ वर्ष, अभियानकर्ता नभए अगुवाले चलाउने
- स्थानीय सामाग्रीको उत्पादन र प्रयोग
- बाहिरी सामाग्री प्रयोग गर्न सकिने तर यसमा सचेत र आलोचनात्मक हुनुपर्ने
- काम, समिक्षा, उन्नत काम
- सहभागीमूलक विधी तथा औजारको प्रयोग

- लैङ्गिक, वर्गिय, जातीय, असमानतामा सचेत
- सबैले समीक्षा र सिकाई (केन्द्र, सहजकर्ता, संयोजक, संस्था)
- केन्द्र संगठनको मुटु

**समुहगत अभ्यास**

उल्लेखीत बुदाँहरु मार्फत प्रत्येक श्रोत केन्द्र र श्रोत संस्था लाई एउटा एउटा गित बनाउन जिम्मवारी दिनुभयो ।

साँझ सिकाई सामाग्री र सिकाई समुह अनुसार अध्ययन र चिन्तन मननको लागी सामाग्री अध्ययन दिदै केही जिम्म्वारी सहित औपचारीक रुपमा तेश्रो दिनको सेशन समापन गरियो ।

# चौथो दिन - बैशाख ८, २०६८

अघिल्लो दिनको प्रतिवेदन पछि भूमि सिकाई केन्द्रका दश पातहरु (पक्षहरु) बारे हरेक श्रोत केन्द्र र श्रोत संस्था तहबाट गित प्रस्तुत गर्दै कार्डमा लेखिएको विषय/पक्षहरुलाई चित्रात्मक रुपमा टाँस गरियो ।

***प्रत्येक पात (पक्षहरु)मा विश्लेषण गरी भूमि सिकाई केन्द्रको अवस्था बारे चिन्तन गरियो । यसै क्रममा पातहरु हरिया भए/नभएको बारे समीक्षा गरियो । साथै अवका दिनमा केन्द्रहरुलाई मर्म अनुसार सञ्चालन गर्नुपर्नेबारे छलफल भयो ।***

**भूमि सिकाई केन्द्रका दश पातहरु**

**समुहगत गित प्रस्तुती**

**श्रोत केन्द्र -१ डडेलधुरा** (सहभागीको आफ्नै अवस्थावारे बोल्न आफ्नो जिन्दगी लेख्न र आएको परिवर्तन गन्न प्रोत्साहीत)

सहभागीका कथा ब्यथा, बग्ने चौलानी ।
सुन्ने र सुनाउने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

आफ्ना कुरा राख्न सबले, बग्ने चौलानी ।
बोल्ने मौका पाउने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

जिन्दगीको भोगाई लेख्ने, बग्ने चौलानी ।
चित्रमा उतार्ने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

परिवर्तनको सपना देख्ने, बग्ने चौलानी ।
आफ्नो गाउँ सुधार्ने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

समस्याको कारण खोज्ने, बग्ने चौलानी ।
विकल्प नि दिने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

कामको योजना बनाई, बग्ने चौलानी ।
जिम्मेवारी लिने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

**श्रोत संस्था - २**

**भूमि सिकाई केन्द्र लोकतन्त्रको जग हो**सिकाई केन्द्र हाँ लोकतन्त्रको जग हो ।
त्यहाँ सबको स्वर बराबरी हुन्छ ।




सिकाई केन्द्र हाँ विचार गर्ने खलो हो ।
सबै जना छलफल गरी निर्णय गर्ने थलो हो ।

नबोल्नेले बोल्ने गर्छन् हाँ बोलनेले तर्क ।
अन्याय भए शोषकको अब सेखी झर्छन् ।

तर्क विचार सरल शैली हाँ हाम्रो हुनुपर्छ ।
तब मात्र पिडीतको स्वरमा स्वर हुन्छ ।

धेरै वर्ष छलफल गर्‍यौ हाँ अर्काको घरैमा ।
अब छलफल गर्छौ हामी सामुहिक घरैमा ।

**श्रोत केन्द्र – ४ बुटवल**

महिनाको चार पटक (छलफल चलाउ है ।
सहभागीहरुको हौसला बढाउन है ॥

जाउँ है भूमि सिकाई, जाउँ है भूमि सिकाई
ज्ञान र सीपको विकास गर्नलाई ॥

**श्रोत केन्द्र – ५ काठमाडौं**

स्थानिय सामाग्रीको उत्पादन र प्रयोग, बाहिरी सामाग्री प्रयोग गर्न सकिने तर सचेत र आलोचनात्मक

**गीत**
"गाउँघरको सामाग्री सिर्जना" -२
बाहिरी पनि हुदैन बिर्सन
सहभागिको मन छुनलाई
"सजग र सचेत हुनुस है
सिकाई केन्द्र राम्रो पार्नलाई" - २

पातमाटो "ढुङ्गाकाठ दाउरा" - २
लट्ठीथाल चित्र र कचौरा
सबै मिलि गाउँमै खोजौ है
"विचार गरि सि कुरा राखेर
ठिक छ छेन सबले भनौ है" - २

**श्रोत संस्था – ६**

**गित (काम, समिक्षा उन्नत कामलाई आत्मसाथ)**

हामीले सधै भरी कामको समिक्षा गर्नुपर्छ ।
समिक्षा नगरे सम्म प्रतिफल पाउन गाऱ्हो हुन्छ ।

आफ्ना कमी कमजोरी लुकाउने गर्नु हुन्न ।
कमी कमजोरी पत्ता लगाई सुधार्ने पट्टी लाग्नु पर्छ ।

**श्रोत संस्था – ८**

**गित (लैङ्गिक, वर्गीय, जातिय, असमानता सचेत)**
जातीपाती मान्नौ हामी, सबै समान मान्दछौ
अधिकार लिन लड्नुपर्छ, हामी जान्दछौ
ए.... भूमिहीन उठौ जुरुक्क
अन्याय र अत्याचारको अब विरुद्ध

भूमिहीन गरिव जुट्नुपर्छ, आफ्नो हक लिनलाई
धनीहरुको शोषणबाट, मुक्त हुनलाई
ए.... भूमिहीन उठौ जुरुक्क
अन्याय र अत्याचारको अब विरुद्ध

**गित ३**

**राष्ट्रिय भूमि अधिकार मञ्च**

उठन जिल्ला हो संगठित हुदै
भूमि अधिकारको नारा घन्काउदै

जबसम्म संगठनहरु सक्रिय हुदैनन.
तबसम्म केन्द्रिय मञ्च मुटु भन्न  सकिदैन

उठन मञ्चहरु संगठित हुदै
एउटै स्वरमा नारा धन्काउदै

एउटै लक्ष्य एउटै उद्देश्य राम्रो भूमिसुधार गर्ने
भूमि कान्तिबाट नै यो देशमा उज्यालो छर्ने

***यस लगतै सिकाई समुह स्तरमा गरिएको अध्ययन मार्फत निकालीएका निचोडहरुको प्रस्तुती भयो ।***

**बोल्न, लेख्न र गन्न प्रोत्साहित :** भूमि सिकाई केन्द्रका सहभागीलाई आफ्नै अवस्थाबारे बोल्न, आफ्नो जिन्दगी लेख्न र आएको परिवर्तन गन्न प्रोत्साहित गरिन्छ । प्रविधीक रुपमा अक्षर लेख्न पढ्न सिकाउने भन्दा सहभागीका मनमा विभिन्न कारणले दविएर रहेको भावनालाई बाहिर ल्याउन सक्नुपर्छ । आफ्नो परिस्थीको विश्लेषण गर्दै उठाईएका नयाँ कार्यबाट के कस्तो परिवर्तन आए भनेर भन्न पनि सक्नुपर्दछ । भूमि सिकाई केन्द्रका सहभागीहरु आफ्ना मनका कुरा निर्धक्कले भन्न, आफ्नो जिन्दगीलाई चिनाउन र आएको परिवर्तन बताउन सक्ने हुनुपर्दछ ।

**विन्ती नभएर संघर्षमा जोड :** गरिवहरु वर्षौंदेखी आश्वासनको भारले किचिएका छन् । गरिवहरु आफ्नो खाना आफैं जुटाउँछन् । चुहिने घर आफैं छाउँछन् । विरामी पर्दा ऋण पत्याउने आफैंले ऋण थापेर उपचार गर्छन । आजसम्म कसैले गरिवहरुलाई केही दिएका छैनन तर अचम्म, उनिहरु माग्न पनि छोड्दैनन् । जसले अरुबाट लिईरहेका छन्, उ माग्दैन । दिएको बहाना जस्तो गर्छ । जस्ले केही लिएको छैन । उ मागिरहेको छ । यो उल्टो चलन बन्द हुनुपर्दछ । गरिवहरुले मानवीय आधारभूत आवस्यकता पाउनु उसको अधिकार हो । विन्ती गर्न छोड्नुपर्दछ । भूमि सिकाई केन्द्रका सहभागीहरु हात जोरेर विन्ती गर्ने हैन, आफ्ना अधिकारको लागि आवाज उठाउने थलो हो ।

**केन्द्र नै लोकतन्त्रको जग :** लोकतन्त्र लेख्ने र भाषण गर्ने शव्दको खेती हैन । योत व्यवहारमा महशुस गर्ने विषय हो ।  भूमि सिकाई केन्द्रमा बसाई समान हुनुपर्छ । व्यवहार उहि हुनुपर्छ । कोही बोलेको वोल्यै र कोही वोल्न नपाउने हैन । सबैको स्वर बराबर हुनुपर्दछ । अथवा कसैले वोलेको सुनुवाई हुने र कसैले बोलेको नसुन्ने स्थिती हुनु हुदैंन। यहाँ भेदभाव र असमान व्यवहार हुनुहुदैंन । कमजाोरलाई अझ बढि मौका दिनुपर्दछ । किनकी उ अवशर नपाएर कमजोर भएको हो । हरेकको स्वरको उत्तिकै महत्व दिईन्छ। सबैको आवाज बराबर सुनिन्छ । यसले गरिवको स्वरलाई बलियो बनाउँछ । अन्यायपूर्ण सम्बन्ध र शक्तिलाई फेर्ने प्रयास गरिन्छ ।

**सहभागीमूलक विधीको सृजनात्मक प्रयोग :** भूमि सिकाई केन्द्रमा फगत छलफलको अर्थ छैन । छलफल र विश्लेषणका लागि सहभागीमूलक विधीको अधिकतम उपयोग हुनुपर्दछ । विधीको प्रयोगले छलफललाई व्यवस्थित र विश्लेषणात्मक गराउँछ । तर यस्ता विधीको प्रयोग शुत्रको रुपमा हैन यसको सृजनात्मक प्रयोग हुनुपर्दछ ।

**सिकाई सामाग्री प्रयोग :** भूमि सिकाई केन्द्रमा बढि भन्दा बढि अधिकतम सिकाई सामाग्री प्रयोग हुनुपर्दछ । सामाग्री विनाको छलफलले भूमि सिकाई केन्द्रलाई रुखो र उद्देश्य विमुख बनाउँछ । सिकाई सामाग्रीले छलफललाई मात्र हैन, सिक्नलाई पनि सजिलो बनाउँछ । केन्द्रमा चित्र, पोष्टर, गित, भौतिक वस्तुहरु, कथा आदि धेरै प्रयोग गर्नुपर्दछ । बाहिरी ज्ञानका लागि बाहिरी सामाग्री पनि प्रयोग गर्नुपर्दछ तर यसमा कस्तो सामाग्री प्रयोग गर्ने र कस्तो नगर्ने भन्नेमा चनाखो हुनुपर्दछ । बाहिरी स्रोतको ज्यादा निर्भरताले सिकाई केन्द्र दिगो हुन सघाउँदैन ।

**नियमित छलफल :** भूमि सिकाई केन्द्र आकलझुकल र अनियमित रुपमा सञ्चालन गरियो भने त्यसबाट सोचेको उपलव्धी आउँदैन । अनियमित रुपमा हुने छलफलले छलफल र विश्लेषणको क्रममा अवरोध आउँछ । भूमि सिकाई केन्द्र साप्ताहिक रुपमा नियमित र कम्तिमा २ वर्ष चलेपछि मात्र के उपलव्धी पाउन सकिन्छ। यसका

लागि हप्ताका धेरै घण्टामा २ घण्टामा समय दिन सहभागीलाई यसको महत्ववोध हुनुपर्दछ । यो अल्पकालिन र एकवारको काम हैन । सामाजिक, राजनीतिक र आर्थिक परिवर्तनको लागि निरन्तर गरिन्छ ।

**सबैले सिकाई :** भूमि सिकाई केन्द्र समुदायका सदस्य वा गाउँ तहका संगठनका सहभागीहरुको मात्र सिक्ने थलो हैन । यो केन्द्रमा अगुवा, कार्यकर्ता र अन्य जिम्मेवारी लिएकाहरुको पनि सिक्ने थलो हो । भूमि सिकाई केन्द्रलाई बाहिर ज्ञान केही जानेकाले ल्याएर छोड्दिने नभएर सबै मिलेर सिक्ने, विचार निर्माण गर्ने र असल सिकाईलाई व्यवहारमा लैजाने थला हो ।

**सचेत व्यवहार :** भूमि सिकाई केन्द्रमा महिला र पुरुषमा, कथित जातका नाममा र धर्मका विषयमा विभेद हुनुहुदैंन । यहाँ सबैले सबैलाई आदरपुर्वक र सम्मान व्यवहार गरेको हनुपर्दछ । वर्गिय हिसावमा भूमिअधिकारबाट बञ्चितको पक्षमा अडान लिन कुनै पनि हालतमा छोड्नु हुन्न भने पिडकसँग पनि शत्रुताको व्यवहार गरिन्न तर संघर्ष पछि छोडिन्न । किनकी पिडीत र पिडकबीचको लँडाई शत्रुताको विषय नभएर न्यायपूर्ण संघर्षको विषय हो ।

**उन्नत काममा जोड :** सबै कामहरु उन्नत र सिर्जनात्मक मान्न मिल्दैन । उन्नत काम पछि पनि प्रशस्त सिर्जनाका ठाउँ रहन्छन् । काम-समीक्षा-उन्नत कामलाई भूमि सिकाई केन्द्रमा पनि आत्मसात गरिन्छ । छलफल, काम, व्यवहार पछि समीक्षा हुनुपर्दछ र समीक्षाका आधारमा उन्नत काम हुनुपर्दछ।

**अगुवा र संगठन निर्माणको आधार :** भूमि सिकाई केन्द्र विभिन्न सवालमा छलफल गरी त्यसलाई फेर्ने थलो त हो नै । सही प्रकारको भूमि सिकाई केन्द्र अगुवा र संगठन निर्माणको आधार हो । अगुवा, संगठन र आन्दोलनका विषयमा व्यवस्थित ढंगले नियमित छलफल गर्ने आधार दिन्छ र यि आवाधीक तालिम भन्दा पनि बढि महत्वपूर्ण हुन्छ ।

**सिकाई समूह १ : प्रगती**

एउटा व्यक्तिले शुरु गरेको कामलाई सफलतामा पुऱ्याउन उसको परिवारले महत्वपूर्ण भूमिका राख्दछ ।मान्छे साक्षर हुदैमा आफू र आफ्नो समाजलाई फेर्न र बुझ्नुका साथै सहि निर्णय लिन सक्दैनन् । आफू र आफ्नो समाजको परिवेशलाई बुझ्ने र निरन्तर लागेमा मात्र परिवर्तन गर्न सकिन्छ ।समाज परिवर्तन गर्छु भन्ने अठोट लिएर अगाडि बढ्दा बाधा, चुनौती आउन सक्छ । असफल पनि भईन्छ तर त्यसबाट निरासा नभई निरन्तर लागेमा सफलता प्राप्त गर्न सकिन्छ ।

शक्ति प्रत्येक मान्छेमा छ । त्यो शक्तिको पहिचान गर्न सक्नु पर्छ । समय समयमा शक्तिलाई फर्केर हेर्न र शक्तिको आधारमा आफू र आफ्नो समुदायलाई रुपान्तरण गर्न सक्नु पर्दछ । नयाँ समाज निर्माण गर्नका लागि पुरानो समाजको पहिलेको अवस्था, ईतिहास जान्नु आवश्यक छ । उत्पीडितहरु सधै बन्धनमा हुनु भनेको उत्पीडित पनि बन्धनमा हुनु हो । शिक्षाले नै मौनताको संस्कृतिबाट भुक्ति गर्नु पर्दछ ।काम, समिक्षा र सचेत काम अनिवार्य रुपमा गर्नु पर्दछ । त्यो हामीमा लागु भएको छ कि छैन ? र त्यो हामीबाट नै शुरु गर्नु पर्दछ ।

**सकाई समुह २ : मेचीकाली**

समुदायको रहनसहन, रितीथिती, चालचलन, लवाई खुवाई र बोलीचालीमा कार्यकर्ताले आफूलाई ढाल्नुपर्छ र कार्यकर्ता समुदाय भन्दा फरक देखिनु हुदैन ।

समुदाय छलफलमा सरोकारवाला र समुदायका अन्य पक्षहरु (कर्तालाई) समावेश गराउन ढिला भइसक्यो ।

श्रोत र अधिकारको दावी गर्न हाम्रो पूर्व तयारी पुगेको छैन ।

सिकाई केन्द्र भन्दा बाहिर भएका सवाल, मुद्दा, प्रगतीका कुराहरु ध्यान दिन सकिरहेका छैनौं । समुदायमा मात्र केन्द्रित नभएर बाहिर पनि जानुपर्छ ।

रिफ्लेक्ट एउटा राजनैतिक प्रकिया हो जसले समुदायको आफ्नै विश्लेषण र आफ्नै समाधानमा जोड दिदै अधिकार प्राप्तिको अभियानमा सघाउँछ ।

समुदायमा नक्सा चित्र र संकेतको प्रयोग गरी छलफल चलाउँदा सहभागीलाई बुझ्न सजिलो हुन्छ र महशुसीकरण हुन्छ ।

प्रभावकारी रिफ्लेक्टको लागि निरन्तर प्रयास अभ्यास जरुरी छ । यसलाई जिवन्त बनाउन जिम्मेवारी हस्तान्तरण आवश्यकता हुनेहुदाँ सहजकर्ताले बैकल्पीक सहजकर्ताको रुपमा अगुवाहरु तयार गर्नुपर्छ ।

**सिकाई समुह ३: किसान समुह**

विद्यालयबाट सिकेको कुरा हाम्रो जीवनमा कम उपयोगी भइरहेको छ । हामीले समाजको परिवेश संस्कृति रहनसहनबाट सिकेको कुरा नै जीवनउपयोगी बनिरहेको छ ।सिकाई जीवनको निरन्तर प्रकृया रहेछ । जीवनमा हामीले गरेको कामबाट केहि न केहि कुरा सिकिरहेकै हुन्छौ । कुनै विशेष सीप हासिल गर्नको लागि झन एकाग्रता भएर लाग्नुपर्दछ ।

सिकाईको मुख्य थलो भनेको समुदाय रहेछ । समाजको परिवर्तन सामाजिक, सांस्कृतिक वातावरणबाट नै धेरै कुरा सिक्न सकिने रहेछ ।

हामीले दैनिक सिकेको कुरालाई संग्रह गर्न सकेनौ । दैनिक भएको ज्ञान र सिकाईलाई अभिलेखन र हाम्रो व्यवहारमा लागु गर्दै जानु पर्दछ । अनिमात्र व्यक्ति, परिवार र समाजमा परिवर्तन ल्याउन सकिन्छ ।

- साक्षर बन्नु बनाउनु भनेको अक्षर पढ्ने, लेख्ने र हिसा वगर्न जान्ने मात्र नभई जिवनको अवस्थाको वास्तविक महसुस गर्नु गराउनु नै साक्षर हो ।
- शिक्षाले मुख थुन्नु हुदैन, शिक्षाले चिन्तन मनन र विश्लेषण गर्न सक्ने, अध्ययन र लेख्न सक्ने बनाउनु पर्छ । आफूसंग जोडिएको स-साना कुरा, समाजको परिवर्तन र परिवेशलाई केलाउन सक्ने र आफ्नो अनुकुल बनाउनु पर्छ ।
- अगाडि बढ्नलाई विगत र वर्तमानलाई केलाएर, सुक्ष्म अध्ययन गरेर योजना बनाई काम गर्नु पर्छ ।
- सहजकर्ताले आफै जबसम्म समाज र समुदायको परिवर्तनको प्रष्ट चित्र देख्न सक्दैन तबसम्म उसले समाज र समुदायलाई परिवर्तन गर्न सक्देन ।
- सिक्ने र सिकाउने प्रकृया एकतर्फी हुनु हुदैन । सिकाउनेले पनि सिक्ने बाट केही कुरा सिक्न सक्यो भने मात्र सिकाई प्रकृया प्रभावकारी हुन्छ ।

**सिकाई समुह ४ : विहानी**

**सामाग्री अध्ययन र सिकाई**

- शिक्षाले उत्पीडितको वास्तविकता देखाउने बुझाउने र आफूले भोगेका भोगाई र उत्पीडन फेर्ने अग्रसर बनाउनु हो ।
- साक्षर बनाउने भनेको फगत अक्षर चिनाउने मात्र होइन, नजानेका कुरा सिकाउने हो । नजानेका नबुझेका कुरा सिकाउनु भनेको राजनीतिक काम हो ।
- शासक द्वारा ज्ञानलाई जान्नेबाट नजान्नेलाई सिकाउने भनेर बुझाइयो, एउटा मानिस जान्ने र सिकाउने र अर्को मानिस नजान्ने, सिकाउने अवस्था बनाई शिक्षामा उपनिवेश लादियो ।
- सहजकर्ताले सहभागीले भोगेको वास्तविकता देखाउने मात्र होइन, त्यसलाई फेर्न उत्पीडित संगै लाग्नु पर्छ ।
- शिक्षा सबैको लागि मानवतावादी र परम्परा देखि गरि आएको पेशालाई उकास्ने किसिमको हुनु पर्दछ ।
- शिक्षाले भित्र रहेको क्षमतालाई देखाउन सक्नु पर्छ । यसको लागि शिक्षक निर्देशक नभई सहयोगी बन्नु पर्छ ।
- शिक्षित व्यक्ति तब मात्र सफल हुन सक्छ जब उसले अरुको कल्याणको लागि केहि गर्छ ।
- स्वयं अनुसाशनमा बस्नु पर्छ अनुसाशनमा बसाउने होइन ।
- मानिस सबै बिषयमा पूर्ण हुदैन कमजोरीलाई लुकाउन खोजदा त्यो नै बाधक बन्छ ।
- पाठ्य पुस्तक समय अनुसार परिवर्तन हुनुपर्छ र आफ्नो मौलिक भाषालाई जोगाउदै नयाँ भाषा सिक्नु पर्छ ।

## सहजकर्ताको भूमिका (Role of a Change-Facilitator)

### अभियानकर्ताको भूमिका

१. **आशाको सिर्जना गर्ने**

सवालसँग सम्बन्धित परिवर्तन सम्भव छ भनि समुदायमा अठोट जगाउनु पर्छ। यसका लागि सफलताका घटनाक्रम, ऐतिहासिक घटना परिवेशबारे जानकारी गराउन सकिन्छ।

२. **समुदायको आन्तरिक बल पत्ता लगाउने**

सामाजिक परिवेश विश्लेषण माध्यमबाट समुदायमा स्रोत साधनको उपलब्धता र त्यसमाथिको पहुंच, अधिकारबाट बञ्चित र शोषण र अन्याय गर्ने व्यक्तिको वस्तुगत यर्थाथतामा छलफल गरी उनिहरुको बल कुन कुरामा छ, खोजी गरी देखाउनु पर्दछ।

३. **अभिव्यक्तिको अवसर सिर्जना गर्ने:**

समुदायका मान्छेहरुलाई अभियानकर्ताले अभिव्यक्तिको पूर्ण स्वतन्त्रता प्रदान गर्नु पर्छ। फ्रेरेले भने जस्तै कक्षाकोठामा लोकतान्त्रिक ढगंले पढाई हुनुपर्छ। यसो हुन सकेन भने एकपक्षिय विषय केन्द्रित ठालुमुखी शैक्षिक अवस्थाको मात्र सिर्जना हुन्छ।

४. **दृस्यात्मक प्रस्तुतिकरण**

सवाल केन्द्रित समुदायलाई उर्जाशिल र जागरुक बनाई राख्न सफलताका घटना, अनुभवको आदान प्रदान चाहेको परिवर्तनको प्रारुपबारे छलफल चलाई रहनुपर्छ। भने महशुसीकरणका लागि बढिभन्दा बढि देखिने (दृश्यात्मक) विधी र औजार प्रयोग गर्नुपर्दछ

५. **पक्ष लिने**

अभियानकर्ताले जहिले पनि शोषित वर्गको पक्षमा उभिनु पर्छ। उसले जहिले पनि सवाल केन्द्रित समुदायको निकट रही विभिन्न विचारको आदान-प्रदान गरी आन्तरिक रुपमा ससक्त पार्दै लैजानुपर्छ। तपाईलाई सहभागीले हाम्रो मान्छे हो भन्नेमा विश्वस्त हुनुपर्दछ।

६. **मित्रवत व्यवहार गर्ने:**

अभियानकर्ताले समुदायका सबै (पक्ष विपक्ष) सबै वर्गसँग मित्रवत व्यवहार गर्नुपर्छ। यसका लागि अभियानकर्ताले सवालको पक्षमा आफुलाई उभ्याउनु पर्दछ। व्यक्ति हेरेर कुरा गर्नु हुदैंन।

७. **सवालगत ऐक्यवद्धताका लागि सरोकारवालावीच समन्वय गर्ने**

कुनै पनि सवाल एउटा व्यक्ति वा सस्थाले वकालत गर्ने ठेक्का नभई यो सार्वजनिक सरोकारको विषय हुनुपर्छ। पिडित वर्गले वकालत गर्ने सवालमा सहयोगिका लागि समन्वय गराई दिने काम गर्नु पर्छ। सवालहरुलाई आमरुपमा खुल्ला गर्दै समुदायका सबै पक्षहरुमा बहसको माध्यम बनाउने र सबैको आकर्षणको विषय वस्तु वनाउनु पर्छ।

८. **सुचनाको सही सम्प्रेषण**

सामुदायिक अभियानकर्ताले सहभागिमुलक पद्दतिबाट सूचनाको जानकारी सम्बन्धित सबैलाई गराउनु पर्छ। यसो नगरेको खण्डमा दुविधामा पर्ने र अस्पष्टता बढने हुन्छ।

९. **भनाई र गराई विच एकरुपता**

अभियानकर्ताले समुदायमा काम गर्दा जे भनिन्छ। त्यसलाई पुरा गर्ने र गरिएका कुरा मात्र भन्दै जानुपर्छ। जसका कारण समुदायलाई सहजकर्ता प्रति आस्था र विश्वास पैदा हुने गर्दछ।

१०. **विषयवस्तु नकोच्ने**

अभियानकर्ताले विश्लेषणको प्रक्रियामा सघाउने, विषयवस्तुनै आफैंले दिने हैन। पुर्वतयारी गर्ने तर बनीबनाउ विषउ पस्किने हैन।

सहजकर्ता शिक्षक हैन । सहयोगी हो । सहजकर्ता सहभागी पनि हो । सहजकर्ताको धैर्यताले मात्र सहभागीलाई बोल्न दिन्छ । सहभागीमा भएको सूचनाको आदानप्रदान र भविश्यको बाटो देखाउनु सहजकर्ताको काम हो । एकोहोरो आदर हैन, परस्परमा प्रेम, विश्वास र आदर हुनुपर्दछ ।

विचारको हत्या हैन, प्रष्पुटनको अवशर दिनुपर्छ । सहभागीको आवाज र भावनाको कदर गर्नुपर्दछ । पुराना स्मृति मात्र थुपार्ने हैन । सुन्दर भविश्यका लागि काम गर्नुपर्दछ ।

सिर्जनशिल र आलोचनात्मक हुनुपर्दछ । विपन्नलाई सक्रिय बनाउन लागि पर्नुपर्दछ । जिम्मेवारी लिन डराउनु हुदैंन । भूमि सिकाई केन्द्र समस्यामा मात्र छलफल गर्ने नभएर हाँस्ने खुसी हुने पनि थलो हो ।

भूमिसिकाई केन्द्रमा सहयोगीले छलफलका लागि मात्र खाका दिन्छ । सहभागीहरु सक्रिय, सहयोगीले प्रश्न गर्छ । सबैमा रहेको मौनताको संस्कार तोड्ने कार्य हुन्छ । जिवन र जगत प्रतिको बुझाई बढ्छ । गरिवीको कारण खोज्छ । असमान आर्थिक संरचना र सामाजिक संरचनालाई चुनौती दिन्छ । जस्तै भेदभाव.......सचेत, संगठीत, अभियान सञ्चालन गर्नेछन् ।

| **सहजकर्ता यस्तो होस्** | **सहजकर्ता यस्तो नहोस्** |
|---|---|
| लोकतान्त्रिक (अरुका विचार पनि सम्मान गर्ने) | उदासिन |
| सिर्जनशिल (नयाँ नयाँ सिर्जना गर्ने) | संकीर्ण(सानो चित्त भएको) |
| उत्साहित (हामी केही गर्न सक्छौं, उत्साही हुने) | कायर |
| मित्रवत (आफु दुखी भएपनि साथीलाई दुख दिने) | दुराग्रही |
| यथार्थवादी (साँचो कुरा भन्ने, यथार्थ भन्ने) | अस्थिर |
| विश्वासीलो (विश्वास दिलाउन सक्ने) | विवेकहिन |
| धैर्यवान (दुख पर्दैमा नडराउने) | आडम्बरी |
| उत्तरदायी (जिम्मेवारीको बोध हुन जरुरी छ) | घमण्डी |

भूमि सिकाई केन्द्रमा वर्तमानको विषयवस्तु (आजको मेरो जिवनमा के हुन्छ ? आजको जिबनबाट शुरु गर्ने) अनुभवमा आधारित (जिन्दगीमा जोडिएका कुराहरु गरिदिने) । विभिन्न विधीको प्रयोग (सन्देशमुलक हुनुपर्दछ) । काममा स्वंय उत्प्रेरित हुनुपर्दछ ।

**सहजकर्ताले विचार गर्नुपर्ने कुराहरु**

- सबैले सहज ढंगले व्यवहार गरिएका छन् ? बोलिरहेका छन् ? भन्न अप्ठेरो मानिरहेका छन् की ?
- छलफल जोसिलो हुनुपर्दछ ।तनावपूर्ण अवस्थाको व्यवस्थापन गर्न ब्रेक पनि गर्न सकिन्छ ।
- कम बोल्नेलाई बोल्न प्रोत्साहन र वढि र लामो बोल्नेलाई तपाईले भनेको कुरा महत्वपूर्ण छ तर .... भनेर छोटो गराउन प्रयास गर्ने ।
- स्वर, भाषा, शारिरिक, हाउभाउ सबै महत्वपूर्ण छन् । सहभागिताको लागि उत्प्रेरित गर्नुपर्दछ । ( दृश्यात्मक सामाग्री गर्नुपर्दछ ।)
- सुनाई र अवलोकन (भनाई, स्रोताको रेसपोन्स आदि विषयका ख्याल गर्नुपर्दछ ।
- पक्षपाती व्यवहार नगर्ने ।
- सहजकर्ता : सक्रिय हँसिलो, हात नबाँध्नुहोस्, सामाग्री नबोक्नु होस् । आखाँकृती र मुखाकृतीको अवस्था बुझ्ने । बसाई व्यवस्थित हुनुपर्ने । विषयवस्तु भित्र छलफल भईरहेको छ वा बाहिर गयो ? याद गर्नुपर्ने
- जिज्ञासाको सही तर्क एवं जवाफ दिईयो वा दिईएन । एकोहोर नबोली सबैलाई अवशर दिनुपर्दछ ।
- विषयवस्तुमा सचेत भएर बोल्ने । महत्वपूर्ण विषय ओजेल पार्न खोजेमा बाहिर ल्याईदिने ।
- किन नभन्ने, अरु थप प्रष्ट पारिदिनुस भन्ने ।

**छलफललाई जिवन्त बनाउन प्रश्नकला**

- के हामीले गरेको प्रश्नले समुदायलाई शसक्तिकरण गर्न र आलोचनात्मक चिन्तनमनन गर्न प्रोत्साहन गर्छ?
- अप्ठयारो तथा सम्वेदनशील खालको प्रश्न शुरुमा वा अन्तिममा कतिखेर गर्ने ?
- के तपाईले सोधेको प्रश्नको उत्तर सहभागीले दिने तहको हो ?

- तपाईको प्रश्नको उत्तर उत्तरदातासंग नहुन पनि सक्छ भन्ने कुराका सचेत हुनुहुन्छ ?
- सम्वेदनशील तथा भावनात्मक शब्दहरू प्रयोग गर्दा होसियारीपूर्वक गर्नुहुन्छ ?
- प्रश्न कतै अलमलमा पार्ने भयोकी ?
- के तपाई उस्तै प्रश्नहरू बेग्लै तरिकाबाट सोध्ने प्रयत्न गर्नुहुन्छ?
- कस्तो तरिकाले प्रश्न गर्दा समुदायहरूले खुलेर उत्तर दिन्छन्?
- के उनीहरूको सांकेतिक कुराहरू वा नबोलिन गरिने संकेतको बारेमा तपाईलाई जानकारी छ? कसरी?
- प्रश्नको उत्तर कतै टाठाबाठाहरूले मात्र पो दिएका छन्की ?

**ध्यान दिनुपर्ने कुराहरू**

- खुल्ला प्रश्न गर्नुपर्दछ, बन्द होइन ।
- शुरुमा शरल प्रश्नहरु राख्नु पर्दछ । प्रश्न राख्दा सबैले उत्तर दिने खालको हुनुपर्दछ। बुझिने गरी सोध्नुपरयो । समुदायको तह अनुसार मिल्दो जूल्दो हुनुपर्दछ ।
- दुविधायुक्त प्रश्नहरू राख्नु हुंदैन ।
- थेगोको प्रयोग गर्दा होस पुऱ्याउनु पर्दछ ।
- उत्तर आएन भनेर उस्तै प्रश्न दोहोऱ्याउनु हुंदैन ।
- नबोली उत्तर दिन सक्छन्, प्रश्नकर्ताले बुझ्नु पर्दछ ।
- उत्तर जान्नेले मात्र दिने गरेका हुन सक्छन विचार गर्नुपर्दछ।
- व्यक्तीगत कुरा गर्दा ज्यादा सम्बेदनशिल हुनसक्ने कुरामा होस पुऱ्याउनु पर्दछ ।
- प्रश्न गर्नुभन्दा, पहिला उक्त समुदायको बारेमा धेरथोर जानकारी हुनु राम्रो हुन्छ ।
- विषय वस्तुबारे मोटामोटी प्रष्ट भएर जानु पर्दछ ।
- कसैलाई होच्याउने र उकास्ने गर्नु हुंदैन ।
- कुनै प्रश्नको उत्तर हो वा होइन भन्नु पर्ने भएपनि समुदायले टार्न सक्छन, विचार राख्नुहोस् ।
- पुछ्रे प्रश्न राख्नु पर्दछ ।
- तपाईको प्रश्न विकल्प र विश्लेषण उन्मुख हुन आवस्यक छ ।
- एउटा मान्छेलाई मात्र .....
- प्रश्नको उत्तर प्रश्नमा नै हुनसक्दछ....

**सहजीकरण**

- समुह छलफलमा यस्तो सहजीकरण गर्नु पर्दछ, जसबाट सहभागीहरूले आफ्नो कुराहरू, विचारहरू सजिलैसंग अभिव्यक्त गर्न सकुन र थकित भएको महसुस नगरुन ।
- सहभागीहरू जो सहभागिता जनाउन सक्दैनन् वा बोल्न चाहँदैनन् वा आफ्ना कुराहरू अभिव्यक्त गर्न सक्दैनन् तीनलाई सकृय रुपले सहभागीता हुन् प्रोत्साहन गर्नुहोस् ।
- सहभागीहरू जो आफुमात्र बोल्न खोज्छन्, ठोकेर यो नै हो भन्छन् वा अरुलाई बोल्न दिदैनन् वा दबाउन खोज्छन् त्यस्तो अवस्थामा अरु सहभागीहरूलाई बोल्न वा सहभागीताका लागी ठाउँ दिन र प्रोत्साहन गर्नुहोस् ।
- छलफलबाट नयाँ सूचना, अवधारणा तथा विश्लेण कसरी प्राप्त हुन्छ? विचार गर्नुहोस् ।
- सहजीकरणको गुणहरू वा गुणस्तरीयताबारे खासगरी राम्रो सुनुवाई सीप, क्षमता, सहभागीहरूलाई गरिने आदर, कस्ले कसरी सहभागिता गरेको छ वा के भन्न/जान्न चाहन्छ, छलफलमा व्यवधान नगरी निर्णयक रुपले प्रस्तुत हुने, सम्पूर्ण सहभागीहरूको बारेमा बुझाई, तथा अवलोकन र सम्पूर्ण सहभागीहरूको उद्देश्यको विषयमा जानकारी राख्नुपर्दछ ।

**सहजीकरणको गुण र गुणस्तरियता**

- सरल भाषा बोल्ने ।

- विषय बस्तुमा राम्रो जानकारी राख्ने हुनुपर्दछ ।
- प्रष्ट बोल्न सक्ने, सुन्ने क्षमता राख्नु पर्दछ ।
- समुदायको भावना प्राथमिकताको साथ बुझ्ने ।
- सरल, विनम्र र धैर्यता राख्ने, नरिसाउने हुनुपर्दछ ।(अन्यायदेखि रिसाउने)
- सामाजिक रितीरिवाज, परम्परा बुझेको हुनुपर्दछ ।
- तडक भडक नगर्ने ।
- हसिलो, अनुशासीत, फूर्तिलो हुनुपर्दछ ।
- निर्णय गर्ने क्षमता भएको ।
- सिलसिलेवार प्रस्तुती गर्ने ।
- जिज्ञासा राख्न सक्ने ।
- घुलमिल गर्न सक्ने ।

**अभियानकर्ताका लागि विषयगत अध्ययन**

भूमि अधिकारका विविध विषयमा समुदायसंग मिलेर मसिना अध्ययन आवस्यक छ । अध्ययनहरु सवालबारे बुझ्न, अभियानकर्तालाई सम्बन्धित बिषयमा गहीरीन तथा ती बिषयलाई आगामी दिनमा सवालको रुपमा उठाउनका लागि आवश्यक पर्ने सुचना तथा कार्यक्षेत्र एवं सवालको गहिराई थाहा पाउनका लागि महत्वपूर्ण हुनेछन् । अध्ययनबाट आएका कुराहरुलाई आवस्यक लागेमा अध्ययन तथा सिकाई सामाग्रीको रुपमा प्रयोग गर्न सकिन्छ । यसले भूमि सिकाई केन्द्र सञ्चालनमा पनि महत्वपूर्ण आधार दिन्छ । यहाँ उदाहरणका लागि खाद्यान्न अभाब परिपूर्तिका स्रोतहरु विषयको उदाहरण दिईएको छ ।

गरिब समुदायसंग आफ्नो जग्गा छैन र भएपनि बर्ष भरलाई पुग्ने खाना हुंदैन तर पनि बांचीरहेका हुन्छन । अब प्रश्न उठ्छ आखिर खाद्यान्नको ब्यवस्थापन कसरी गर्दछन् ? भोकै बस्ने, बाहीरबाट खाद्यान्न ल्याउने तथा वरपरकै संभावनाहरु (जस्तो बतिँया, पैंचो, अन्न सापटी )को उपयोग गर्ने मुख्य रुपमा खाद्यान्न अभाब रहेका समुदायले अपनाउने रणनिति हुन् । यस कुराको जानकारी बिना गरिवी र खाद्यान्नको सम्बन्ध बुझ्न सकिदैन । कुरा नबुझि सहयोग गर्न पनि सकिदैन । बिपन्न मानिसहरुले खानाका लागि अपनाएका स्थानिय ज्ञानहरुलाई यस अध्ययनले लक्षीत गर्नेछ । यस अध्ययनबाट बिपन्नहरुले उपभोग गर्दै आएका कन्दमुल, बनमा पाईने सागसब्जी तथा फलफुलको बारेमा थाहा लाग्नेछ । बिपन्नहरु माथि उल्लेखित के कस्ता बस्तुहरु कति मात्रामा उपभोग गर्दछन र त्यसले खाद्यान्नको कति प्रतिशत भरथेग गर्दछ ? भन्ने कुरा यस अध्ययनबाट थाहा लाग्दछ । यस्ता बस्तु पाईने समय, उपलब्धताको मात्रा(घनत्व) तथा उनीहरुले खानु अघि गर्ने स्थानिय प्रशोधनका बारेमा पनि बुझ्न आवस्यक हुन्छ । बिपन्न समुदायका लागि खाद्यान्न आपुर्ति गर्ने अन्य क्षेत्रहरुलाई पनि यसै अध्ययनमा समेटीनेछ । यस अध्ययनले समस्यालाई मात्र नहेरी सुरक्षीत खाद्य परिपुर्तिका बैकल्पीक संभावनाहरुको पनि खोजी गर्नेछ ।

**अध्ययन/छलफलका केही प्रश्नहरु**

- बाहीरबाट खाना किनेर ल्याउन चाहिने पैसा कुन कुन काम गरि कमाउंछन् ?
- कुन महीनामा अन्न किन्नका लागि कुन कामबाट पैसा आउंछ ?
- आफ्नै घर गाउंबाट खाना कसरी प्राप्त गर्दछन ?
- आफ्नै घर गाउंबाट अन्न पाउन कुन महीनामा सजिलो र कुन महिनामा अप्ठेरो हुन्छ ?किन ?
- जंगलबाट के के नामका कन्दमुल ल्याउने गरिएको छ ? के कस्ता फलफूल प्राप्त गर्ने गरिएको छ ? साग सब्जी के के छन् ? यस्ता बस्तुहरु कहिले कहिले ल्याईन्छ ?
- जंगलमा पाईने बस्तुहरु बढाउन सकिन्छ कि सकिदैन ?
- अनिकाल परेको बेलामा महिनामा के संधै अघाउन्जेल खाईन्छ ?
- अनिकाल परेको बेलामा महिनामा कति दिन भोकै बसीन्छ ?
- के के गऱ्यो भने खानको लागि सुविस्ता होला ?
- ५ बर्ष पहिला खाद्यान्न जुटाउन के के काम गरिन्थ्यो ? अहिले के गर्छन ?
- गाउंमै ज्याला बनी गर्दा पैसा लिन राम्रो की अन्न ? कुन लिदां फाईदा होला ?

- अनिकालको बेलामा कत्तिको स्थानिय फलफूलको खाने गरिन्छ ? फलफुल खाएर पनि भोक टर्छ, ?
- ५ जनाको परिवारलाई एक दिनमा खानको लागि कति अन्न चाहिन्छ ?
- ५ जनाको परिवारलाई एक दिनमा खानको लागि कति पैसा चाहिन्छ ?
- सागसब्जी बढी खाएर अन्नको मात्रा घटाउन सकिन्छ की सकिदैन ?
- बतिया लिने दिने वा धाने ब्याजेको चलन छ कि छैन ? छ भने कस्तो किसीमको नियम/चलन छ ?
- पछी काम गरिदीने वा कुनै सर्तमा अग्रीम अन्न लिएर खाने चलन छ की ?
- अन्न सापटी लिएर खांदा अरु कुन कुन सर्त वा काम वा सेवा गरिदिनु पर्छ ?

**उपयोगी हुने सूचना संकलनका केही बिधिहरु**

गतिशिल नक्सा, मौसमी पात्रो

**भूमि सिकाई केन्द्र सहजीकरणका चरणहरु**

**भूमि सिकाई केन्द्र सहजीकरणका चरणहरु**

भूमि सिकाई केन्द्र आफैंमा एउटा संगठन हो । जहाँ अधिकार दावीका विषयमा छलफल हुन्छ । हाम्रा केन्द्रहरुमा सरकारद्धारा प्रतिवन्धित कागजपत्रहरु भन्दा मुलुकको संविधान, ऐन कानुन र सरकारी नीतिहरु राख्नुपर्छ । तीनको छलफल गर्नुपर्छ । सरकारी मान्छेहरु आएमा मुलुकको संविधान, ऐन कानुन र नीतिले हामीलाई यो यो सेवा सुविधा दिएको छ ? किन दिँदैनौ भनि प्रश्न गर्न सक्नुपर्छ ।

यी वाहेक हाम्रा रिफ्लेक्ट केन्द्रहरुमा स्थानीय सवाल र भूमिका विषय बाहेक विश्वव्यापीकरण, यसका प्रभाव, जलवायु परिवर्तन र यसले हाम्रो जीवनमा पारेको असर र प्रभावका वारेमा छलफल चलाउनुपर्छ ।

हरेक जनमुखी शिक्षा केन्द्रमा, के के विषयमा छलफल गर्ने मसिना विषय, प्रयोग गर्ने औजार सहितको पुर्वतयारी आवस्यक छ । यस्ता छलफल तथा निर्णयको अभिलेखन त हुनै पर्‍यो ।

भूमि सिकाई केन्द्र फगत बैठक र छलफलको केन्द्र मात्र हैन । यसमा समुदायका सवालमा विभिन्न विधीको प्रयोग गरी छलफल र विश्लेषणका आधारमा कार्य गरिन्छ । धेरै भूमि सिकाई केन्द्रमा समुदायको क्षमता भन्दा ठुला सवालमा छलफल हुने गरेको छ । साथै कुन सवाल विचार निर्माणसँग मात्र जोडिएको छ र कुन सवाल व्यवहार परिवर्तनसँग जोडिएको छ भनेर पनि छुट्याउनु पर्ने हुन्छ । भूमि सिकाई केन्द्र सहजीकरणलाई गाह्रो बनाउनु हुदैंन । सरल र सजिलो बनाउनु पर्दछ । **सरल शब्द, विधिको सरल प्रयोग, देखिने बुझिने गरि विधीको प्रयोग, सरल योजना र सजिलो सहजीकरण** ले भूमि सिकाई केन्द्र प्रभावकारी हुन्छ ।

**भूमि सिकाई केन्द्र हरेक सवालमा निम्न चरणहरु पुरा गर्दै अघि बढ्छ ।**

१. **हरेक सवालमा पुर्वतयारी हुन आवस्यक छ ।** यसका लागि प्रश्नहरु, सामाग्रीहरु, अध्ययन, चिन्तन आवस्यक पर्दछ ।

२. **भलाकुसारी, शुरुवात यसको अर्को चरण हो ।** जयभूमी । सवै आमा दिदी वहिनीहरु आइ पुग्नु भयो ?किन पल्ला घरको भाउजु आइपुग्नु भएननी ? माईला दाई पनि देखिदैंनन ? सवैलाई बस्ने ठाउँ पुगेको छ ?केही अप्ठेरो छ ? अब हामी छलफल शुरु गरौं ?

३. **वातावरण तयारी (वढीमा ६-१० मिनेट भित्र)**
   - अघिल्लो हप्ताको पूनरावलोकन
   - आज मैले एउटा चित्र ल्याएको छु, ध्यान दिएर हेर्नुहोस् र के भन्न/देखाउन खोजेको हो, छलफल गरौं ।
   - प्रस्तुत नाटक/ कविता/ गीत/ आदि वाट के कुरा देखाउन/भन्न खोजेको होला ?
   - हाम्रो समुदायमा यस विषयमा कस्तो स्थिति छ ? (तुलना गर्ने)

४. **सवालमा छलफल र विश्लेषण (विभिन्न सहभागीमूलक विधीको प्रयोगबाट)**

- यस्तो अवस्था कहिले देखि देखिन थालेको होला ?
- समाधान तर्फ नलागेर यस्तै रहन दिएमा आगामी कति वर्षमा हाम्रो अवस्था संकटमा पर्ला ? (तयार पारिएका प्रश्नबाट छलफल गर्ने)
- प्रमुख कारणहरु के के होलान् ?
- यस्ले गर्दा समुदायमा, व्यक्तिगत जीवनमा, परिवारमा के कस्ता असरहरु देखापरेका छन् ?
- खास गरी कसलाई वढी असर परेको छ ? र किन ? (महिला- पुरुष, गरिव - धनी, वालक -वृद्ध, सानो जाति -ठूलो जाति, किसान, व्यापारी, कर्मचारी, आदि)

५. **समाधानका उपायमा छलफल**

- हामीले आफैं आफ्नै शिप र स्रोत साधनवाट समाधान गर्न सकिने उपायहरु के के होलान् ?
- सवैभन्दा उत्तम र सफल हुन सक्ने उपाय के हुन सक्छ ?
- के यी सवै समाधानका कार्यहरु हामी आफै गर्न सक्छौं ?
- यी उपायहरुको लागि हामीले मात्र छलफल गरेर हुन्छ वा अरु सँग (परिवार, छिमेक, गाँउ, गा.वि.स., आदि कहाँ सम्म छलफल गराउनु पर्ला )
- को को सँग कहिले, कहाँ, कति समयमा कसरी छलफल गर्ने ?
- छलफलमा हामी आफै सवैलाई प्रष्ट पार्न सक्छौ वा कुनै जानकार व्यक्तिलाई वोलाउनु पर्ला ?
- त्यो विषयमा जानकार व्यक्ति को को होलान् ?

६. **केन्द्र बाहीर छलफल**

७. **कार्ययोजना**

| के गर्ने | कति गर्ने | कहिले गर्ने | कहाँ गर्ने | कसले गर्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८ **अनुगमन तथा मूल्यांकन**

- कार्य संचालन अवधिमा अनुगमन क कसले गर्ने ?
- कुन मितिमा कार्य सकि मूल्याकंन गर्ने ?
- कार्य नगर्ने लाई के गर्ने ?

**सवालमा छलफल गराउादा प्रयोग गर्न सकिने विधिहरू**

- **नक्शा**
  - घरधुरी नक्सा
  - सरसफाइ नक्सा
  - प्राकृतिक स्रोत नक्सा
  - सेवासम्मको पहुँच नक्सा
  - जमिनको नक्सा
  - गतिशील नक्सा
  - आम्दानी खर्च विश्लेषण
  - निर्भरता विश्लेषण
  - शोषण विश्लेषण
  - ज्याला विश्लेषण
  - महिला गतिशिलत

- **आवश्यकता स्तरीकरण**
    - वृक्ष विश्लेषण
    - मौसमी पात्रो
    - उपचार विधि पात्रो
    - समय रेखा
    - शक्ति चित्र (को कति शक्तिशाली छ)
    - कार्यबोझ चार्ट
- **अवलोकन भ्रमण**
    - उपस्वाथ्य चौकी
    - कृषि कार्यालय
    - गा.वि.स. कार्यालय
    - गैरसरकारी संस्थाका कार्यालय
    - राजनैतिक दलका कार्यालय वा प्रतिनिधि
    - नमूना व्यक्तिका घर
    - नमूना कृषक समूह
- **प्रस्तुति वा अन्तरक्रिया**
    - महिला स्वयंसेविका
    - गा.वि.स. अध्यक्ष वा सचिव
    - राजनीतिक पार्टीका प्रतिनिधि
    - सामाजिक कार्यकर्ता
    - केन्द्र-केन्द्र बीच
    - कृषि, वनलगायतका जिल्ला कार्यालयका अधिकृत
    - महिला कार्यकर्ता (गै.स.स.का.)
    - गाउँघरमा उदाहरणीय काम गरेका व्यक्ति
    - फोटो
    - चित्र
    - वास्तविक सामग्री
    - रेडियो समाचार
    - घटना अध्ययन
    - पोष्टर
    - खेल, वैचारिक-कसरत
    - कथा
    - उखान टुक्का
    - अभिनय
    - मननीय उक्तिहरू
    - विषयसँग सम्बन्धित पढ्ने सामग्री
    - डकुमेन्ट्री
    - बाल समूहरू वा नाट्य समूहहरूलाई सहभागीहरूले छानेका सवालमा अभिनय वा सडक नाटक देखाउन अनुरोध
    - गाउँका अरु व्यक्ति र समूहहरूलाई उनीहरूको अनुभव अनुसारको सहयोग गरिदिन अनुरोध गर्ने

**कस्तो सवाललाई प्राथमिकता दिने**

- भूमी सँग सम्बन्धित
- साना साना भौतिक विकासका कार्यहरु
- आधारभूत मानवीय आवश्यक्ताका विषय
- अन्याय,शोषण सँग सम्बन्धित
- सरकारलाई अप्ठेरोमा पार्न सकिने (सम्बोधन हुने खालको)
- सहभागीको जीवनमा तत्कालै फाइदा पुग्ने
- धेरै पिडित भएका
- सरल समुदाय आफैले सल्ट्याउन सक्ने
- नियम र कानुन आफनो पक्षमा भएको

**सवाल : ऋण**

थोरै आम्दानी र विभिन्न आवश्यकता धेरै खर्च गर्नुपर्ने भएकोले समुदायका मानिसहरु साह (धनी किसान) संग ऋण लिन बाध्य छन् । ऋणको चर्को ब्याजका कारण समयमा तीर्न नसकी आफ्नो घर जग्गा समेत गरिवहरुले गुमाउनु परेको छ ।

**वातावरण तयारी : (अभिनय)**

साहु (धनी), साहुनी, लेखनदास, ऋणी, ऋणीको श्रीमती,

**पूर्व तयारी**

- सवालको सम्बन्धमा आफू प्रष्ट हुने
- सामाग्रकिो जोहो गर्ने । स्थानिय स्तरमा पाउने सामाग्री अधिकतम प्रयोग गर्ने ।

**छलफलका लागि प्रश्नहरु**

- ३ वर्ष पहिले धान काट्दा महिलाले ज्याला कती पाउनु हुन्थ्यो ?
- अनि पुरुषको नी ?
- एउटै काम गर्दा पनि महिलाले थोरै पुरुषले धेरै ज्याला किन पाएका होलान् ?
- जिल्ला विकास समितिले निर्धारण गरेको ज्यालाको दर कती छ ?
- दाल चामल निकेर नै खानुहुनछ ?
- ३ वर्ष अगाडि चामल र दालको १ किलोको कति पर्थ्यो होला ? अहिले कति रुपैया पर्छ ?
- चामलको मूल्य बढेर यति धेरै भएछ के हाम्रो ज्याला पनि चामलको मूल्यको दाँजोमा बढेको छ त ?
- जि.वि.सले तोकेको ज्याला अनुसार हामीले पाएका छैनौ । अब के गर्ने होला त ?

**सम्भावित कार्ययोजना**

| के गर्ने | कति गर्ने | कहिले गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|---|---|---|
| बचत समूह बनाउने | १ वटा | जेठमा | गाउँमा गीबर्डिया सुकुम्बासी टोल | २० घरले महिनाको रु २०/- संकलन गरेर | माया चौधरी र विष्णु चौधरी |

**सवाल : ज्याला**

श्रम अनुसार ज्याला पाईरहेका छैनन् । महिला र पुरुषले समान कामको समान ज्याला पाईरहेका छैनन् । श्रम अनुसारको न्यायिक र समान कामको समान ज्याला चाहिन्छ ।

**पूर्व तयारी**

- जिल्ला बिकास समितिले निर्धारण गरेको ज्याला दर रेटको सूचि लिने, अध्ययन गर्ने ।
- ३ वर्ष पहिले र अहिलेको ज्याला र दैनिक उपभोग्य बस्तुहरुको मूल्य सूचि तयार गर्ने ।
- महिला र पुरुषको ज्याला दरमा भएको भिन्नताको सूचि तयार गर्ने ।

सहभागीका कथा व्यथा, बग्ने चौलानी ।
सुन्ने र सुनाउने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥
आफ्ना कुरा राख्न सबले, बग्ने चौलानी ।
बोल्ने मौका पाउने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

जिन्दगीको भोगाई लेख्ने, बग्ने चौलानी ।
चित्रमा उतार्ने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥
परिवर्तनको सपना देख्ने, बग्ने चौलानी ।
आफ्नो गाउँ सुधार्ने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

समस्याको कारण खोज्ने, बग्ने चौलानी ।
विकल्प नि दिने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥
कामको योजना बनाई, बग्ने चौलानी ।
जिम्मेवारी लिने, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

ज्ञान पाउँछ सहभागीले, बग्ने चौलानी ।
परम्परा फेर्न, काँ जान्छै बगने पानी कै को माया मानी ॥
कामको हिसाब हुन्छ, बग्ने चौलानी ।
परिवर्तन हेर्न, काँ जान्छै बग्ने पानी कै को माया मानी ॥

| **सवाल** | **वातावरण तयारी** | **छलफल तथा विश्लेषणका लागि विधीहरु** |
|---|---|---|
| ऐलानी जग्गा गरिवको नाममा दर्ता हुनुपर्दछ | गित | स्रोत नक्शा, रुख विश्लेषण |
| बाँझो जग्गामा सामूहिक खेती गर्न | पत्रपत्रिकाको कटिङ्ग | खेतीपाती नक्शा, मौसमी पात्रो |
| संगठनलाई गाविसले सहयोग गर्नुपर्दछ । | घटना अध्ययन | शक्ति चित्र, वर्ग विश्लेषण |
| भूमिहिन पनि सामुदायिक बनको सदस्य हुनु पाउनुपर्दछ । | अभिनय | रुख विश्लेषण, स्रोत नक्शा |

## पाँचौं दिन– बैशाख ९, २०६८

जनमुखी शिक्षा चिन्तन मनन एवं अभ्यासको पाँचौं दिन अर्थात तालीमको अन्तिम दिन भूमि सिकाई केन्द्रको वातावरण तैयारी र व्यवस्थापनमा केन्द्रीत भएर शेसन अगाडि बदाइयो । सुरुवातमा अघिल्लो दिनको प्रतिवेदन प्रस्तुती सहित अघिल्लो दिनमा दिइएको सहभागीमुलक विधीका बारे सिकाई समूह स्तरमा समूह कार्यको प्रस्तुती गरियो ।

**सवाल ऋण**

थोरै आम्दानी र विभिन्न आवश्यकता धेरै खर्च गर्नुपर्ने भएकोले समुदायका मानिसहरु साह (धनी किसान) संग ऋण लिन बाध्य छन् । ऋणको चर्को ब्याजका कारण समयमा तीर्न नसकी आफ्नो घर जग्गा समेत गरिवहरुले गुमाउनु परेको छ ।

**वातावरण तयारी : अभिनय**

साहु (धनी), साहुनी, लेखनदास, ऋणी, ऋणीको श्रीमती,

**पूर्व तयारी**

- सवालको सम्बन्धमा आफू प्रष्ट हुने
- सामाग्रकिो जोहो गर्ने । स्थानिय स्तरमा पाउने सामाग्री अधिकतम प्रयोग गर्ने ।

**छलफलका लागि प्रश्नहरु**

- ३ वर्ष पहिले धान काट्दा महिलाले ज्याला कती पाउनु हुन्थ्यो ?
- अनि पुरुषको नी ?
- एउटै काम गर्दा पनि महिलाले थोरै पुरुषले धेरै ज्याला किन पाएका होलान् ?
- जिल्ला विकास समितिले निर्धारण गरेको ज्यालाको दर कती छ ?
- दाल चामल निकेर नै खानुहुनछ ?
- ३ वर्ष अगाडि चामल र दालको १ किलोको कति पर्थ्यो होला ? अहिले कति रुपैया पर्छ ?
- चामलको मूल्य बढेर यति धेरै भएछ के हाम्रो ज्याला पनि चामलको मूल्यको दाँजोमा बढेको छ त ?
- जि.वि.सले तोकेको ज्याला अनुसार हामीले पाएका छैनौ । अब के गर्ने होला त ?

**सम्भावित कार्ययोजना**

| के गर्ने | कति गर्ने | कहिले गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|---|---|---|
| बचत समूह बनाउने | १ वटा | जेठमा | गाउँमा गीबर्डिया सुकुम्बासी टोल | २० घरले महिनाको रु २०/- संकलन गरेर | माया चौधरी र विष्णु चौधरी |

**सवाल : ज्याला**

श्रम अनुसार ज्याला पाईरहेका छैनन् । महिला र पुरुषले समान कामको समान ज्याला पाईरहेका छैनन् । श्रम अनुसारको न्यायिक र समान कामको समान ज्याला चाहिन्छ ।

**पूर्व तयारी**

